
"वेदः शिवः शिवो वेदः" श्रुतिमाताह श्रेयसे
कस्मैचन नमस्तस्मै शिवाय जातवेदसे ।



संघ सहयोगः- ५।-

द०नं०:- श्री ५ को सरकार का०जि०का० ७/०३९-४०
सा०से०रा०स०प० ३०/०३९-४०

श्री पशुपति धार्मिक-सामाजिक सेवा संघ

सञ्चालक समितिः-

१. श्री गोविन्द प्रसाद लामिछाने	-	अध्यक्ष
२. श्री मधु प्रसाद अर्याल	-	उपाध्यक्ष
३. श्री प्रकाश चन्द्र गौतम	-	सचिव
४. श्री जीवनाथ सापकोटा	-	प्रचार-सचिव
५. श्री उद्धव अर्याल	-	उप-सचिव
६. श्री पुण्यराज कर्माचार्य	-	सदस्य
७. श्री वसन्त बहादुर थापा	-	,,
८. श्री गोपाल श्रेष्ठ	-	,,
९. श्री सन्तमान लामा	-	,,
१०, श्री वंशी प्रसाद अर्याल	-	,,
११. ध्रुव बहादुर अर्याल	-	,,
१२. श्री अर्जुन कार्की	-	,,

संस्थापक, संरक्षकः-

श्री शिवप्रसाद भट्टराई

"वेद: शिव: शिवो वेद:" श्रुतिमाताह श्रेयसे
कस्मैचन नमस्तस्मै शिवाय जातवेदसे ।

शैव भूमि

श्री पशुपति धार्मिक–सामाजिक सेवा संघ

(मुख–पत्र)

२०४० नव सम्वत्सरारम्भको सुखद् उपलक्ष्यमा प्रथम उपहार [प्रवेशाङ्क]

सम्पादक
शिवप्रसाद भट्टराई

सम्पादन सहयोगी
गणेशप्रसाद गौतम

सहयोगी सम्पादक
प्रकाशचन्द्र गौतम

सल्लाहकार
वासु शशी

सहयोगी
गोविन्दप्रसाद लामिछाने

संरक्षक
शिवप्रसाद भट्टराई

प्रकाशक
श्री पशुपति धार्मिक–सामाजिक सेवा संघ
श्री पशुपति, देवपत्तन
काष्ठ मण्डप।


मुद्रक:– रोजन प्रिन्टर्स, थँहिति, काठमाडौं, फोन नं. ११९५३


विषय-सूची

सूचना

यस 'शैव भूमि'मा प्रकाशित भएका र हुने कुनै पनि लेख, रचनाहरू एवं वक्तव्य प्रतिको जवाफ देही स्वयं लेखकनै हुने छन् ।

–सम्पादक







(राष्ट्रनायक श्री ५ वीरेन्द्र)


"हाम्रो धर्म मेटिए हाम्रो संस्कृति मेटिन्छ र हाम्रो संस्कृति मेटिए हाम्रो सभ्यताको मूल नै सुक्दछ, अनि हाम्रो संस्कृति र सभ्यता मेटिए हामी पनि मेटिन्छौं।"

-श्री ५ वीरेन्द्र

शुभ-कामना

नाचुन् छम्-छम् विजयवर दी सामुमा शान्ति देवी,
हाँसुन् गाउन् मुसुसु, गुनगुन् अप्सरा स्वर्गसेवी ।
हाम्रो राम्रो शुभ-समय हो, वत्सरारम्भ आज,
'श्री वीरेन्द्रो जयतु सुचिरं' पूर्ण होस् राजकाज ।।

–शैव भूमि परिवार

शैव-भूमि

-गणेश प्रसाद गौतम

कर्छन् कर्ना करझर गरी शान्तिको बोल बोल्दै,
नाच्छन् पक्षी फरफर गरी शान्तिको पङ्ख खोल्दै ।
गर्दै भूँ-भूँ युगल भमरा शान्तिको फूल चुम्छन्,
हिन्दू-सम्राट् कसरी नभनुन् शान्तिको क्षेत्र नै कन् ।।

(१)

तप्तात्माको हृदय रसिलो पार रे उत्तराशा !,
चण्डात्माको कर अलिफिका पार रे दक्षिणाशा !।
यस्तो संसूचन गरिगरी बग्दछिन् स्वच्छ चङ्गा,
'कलकल कलकल' मधुरध्वनिले वागमती शैवगङ्गा ।।

(२)

स्वच्छादर्श-प्रकृति सुषमा शैवभूमि विचित्र,
नेपालीको हृदय बिचमा शैवभू कैछ चित्र ।
छाती खोलि सबजन यहाँ विश्वको सामु राख्छौं,
शान्ति-ज्योत्स्ना अमृत-रसले विश्व ब्यूँकाइ छाड्छौं ।।

(३)

दैवी संपत् प्रतिरु ममता शैवभूको अपार,
हाम्रो यै भूप्रतिछ ममतापूर्ण अस्तित्व सार ।
चाहन्नौं क्यै अब अरू कुनै इन्द्रकै लोक के हो ?,
'शैवी भूमि जयतु सततं, हिन्दु-सर्वस्व यै हो ।।

(४)

श्री जुननाथ पण्डित

निवास
१७/२९२ लाजिम्पाट
काठमाडौं
फो. नं. १३४१२

बडा गुरूज्यू
राजदरवार

मिति ... ...

शुभ—कामना

हाम्रो नेपाल "शिव शक्ति क्षेत्र" भनिन्छ । हिमालयको यस भागमा शिवजीले मृग रूप र किरांत रूपले विहार गरेको वर्णन ीव ग्रन्थहरूमा उपलब्ध हुन्छन् । यस्ता शिव क्रीडाहरू नितान्त रोचक मात्र होइनन्, अपितु यस देशको पवित्रतालाई पनि प्रमाणित गर्दछन् । शिवजीका रूद्राभिषेक आदि प्रसिद्ध वैदिक उपासनाहरूवाट "शिव अत्यन्त प्राचीन वैदिक देवता हुन्" भन्ने कुरा विद्वानहरूमा छिपेको छैन ।

अन्तमा हामीलाई भन्नुछ "शैव भूमि" पत्रिका प्रकाशन गर्ने उत्साह लिएर अघि बढेका युवकवर्गले यस क्षेत्रको पवित्रतालाई सुरक्षित राख्ने तर्फ ध्यान दिनेछ भन्ने हाम्रो धारणा छ र साथै कार्यको सफलताका लागि हाम्र' हार्दिक शुभ-कामना छ ।

'शैव भूमि' प्रति शुभ-कामना

शिव सम्वन्धी भूमि–'शैव भूमि'। शिव अर्थात् सबैको कल्याण गर्ने–मङ्गल गर्ने तत्त्व, जसको निवास स्थान हो मूलतः मानिसको मन। मानव–मनको यही शिवतत्त्वको स्मारक–प्रतिक नै शिवको मन्दिर–पशुपतिको मन्दिर अनि 'शैव भूमि' यहाँको भूमि र यहाँबाट निस्कने पत्रिका। अतः यस 'शैव भूमि'ले मानव–मनको शिवतत्त्वलाई उद्भाषित तुल्याएर मानिसलाई कल्याणकारी कार्यमा संलग्न रहने उत्प्रेरणा प्रदान गर्दै जान सकोस् यही मेरो शुभकामना छ।

कुमारबहादुर जोशी

चावहिल बजार–७, काठमाडौं।

श्री

श्री पशुपति धार्मिक सामाजिक सेवा संघ बाट नव वर्ष २०४० को उपलक्ष्यमा पहिलो पटक निस्कन लागेको मुखपत्र 'शैव भूमि'ले आफ्नो लक्ष्य पूर्ण गराओस् तथा चिरञ्जीवि बनोस् भनी श्री पशुपतिनाथसंग प्रार्थना गर्छु ।

बद्रीनाथ भट्टराई

शुभेच्छा

हाम्रो पूर्व-प्रकाश निर्मल गरी आदर्श फैलाउन
जो छन् विकृत-धारणा पर गरी सद्भाव फैलाउन
हाम्रो स्वर्णिम-प्रातका रहरिला सद्धर्म संझाउन
होस् यो सक्षम 'शैव भूमि' अहिले सत्कर्म देखाउन

बद्रराज भट्टराई

शैव–भूमि

"प्रकाश"

परब्रह्म, परम पिताकी अबिछिन्न शक्ति स्वरूपा माया रूप जगज्जननी प्रकृतिको कृपापूर्ण लीलामय जगत् संरचना आफै भित्र पूर्ण रहेको यौटा अभूतपूर्व कृति हो ।

आफैमा परिपूर्ण एक मात्र तत्व भएपनि स्वतः स्फुर्त कलनाद्वारा एकबाट अनेक र अनेकवाट एक हुन सक्ने अलौकिक महिमाको कारणले एक अनेक जुनसुकै अबस्थामा पनि सूत्र रूपले अनुस्यूत भई सबैको आधार भएको र सबैमा ओतप्रोत भएर पनि स्वयं कतैतिर पनि संलग्न नरहने त्यस तत्वलाई जानेर पनि नजानेर पनि सबैले आश्रय गरिएका हुन्छन् ।

त्यसै तत्त्वको महिमा स्वरूप खडा भएका जड चेतन शृष्टिमा उसकै व्यापक कृपाको अंश बराबरै प्राप्त भए पनि जड चेतनको आफ्नै भाव भूमिको घटी वढीको कारणले गर्दा भित्र एकै नास भएपनि वाहिर उच्च, मध्य र सामान्य अवस्था परिलक्षित हुन आउछ ।

त्यसै क्रममा रूप र आकारले साना ठूला देखिने जड वस्तुमा मात्र नभएर चेतन प्राणीमा पनि तिनको भाव र भक्तिको दृष्टिले अवस्था फरक पर्न जानु अश्वाभाविक हाइन ।

त्यसै कारणले गर्दा कतैतिर कुनै कुरा बढी हुन जानु, कतैतिर कुनै वस्तु घटी हुन जानु उसैको कृपामय लीला भएकोले कर्म, संस्कार एवं भावको तारतम्यले इतर प्राणीका साथै मनुष्यमा पनि आर्य, अनार्य इत्यादिको भेद बन्न जानु नैसर्गिक कुरा नै देखिन्छ ।

यौटै प्राणी शरीरमा संरचनाको दृष्टिले सबै अङ्ग बराबरै महत्वका भएपनि तिनीहरूको कार्यको तारतम्यले गर्दा कुनै कुनै सामान्य ठहरिनु कुनै भने अति उत्कृष्ट हुन पुग्नु यो पनि व्यावहारिक सत्यता भित्र नै पर्न जाने

कुरा देखिन्छ । त्यस्तै सामान्य दृष्टिले हेर्दा एकै नास ठानिएका भौतिक वस्तुहरू पनि व्यावहारिक प्रचलनअनुसार कुनै सामान्य उपयोगका अर्थात कम मूल्यवान, कुनै कुनै विशेष उपयोगका र बहुमूल्य हुन गएको समेत सबै-लाई विदित भएकै कुरा हो । यो सबै विभिन्नताले युक्त भएको विश्व अर्थात जड प्रपञ्च चेतनकै कार्यक्षेत्र भएकोले चेतनको अन्तीम लक्ष्य चेतन नै भएको हुँदा कर्म उपासना ज्ञानको सोपान बन्नु पनि अत्यन्त आवश्यक हुन जान्छ । सो चेतनताको राम्रो उद्‌बोधन नभएमा पशुताको प्रादुर्भाव हुने, विकृत भएमा दानवता बन्न पुग्ने, स्वाभाविक भएमा मनुष्यता प्राप्त हुन जाने, उत्कृष्ट र उर्ध्व गामी भएमा देवत्व प्राप्त हुन जाने भए जस्तै महत्वको दृष्टिले हेर्दा पृथ्वीमण्डलका कुनै भागमा भोग मात्र प्रधान हुन जाने, कुनै भागमा कर्मको नै बढी महत्व हुन जाने, कुनै भागमा भने मानसिक उपासना स्वरुप तपस्यानै प्रधान हुन जाने व्यवस्थानुसार कतै केवल भोगभूमि, कुनै ठाउ कर्मभूमि, कुनै ठाउ तपोभूमि हुन जानु पनि अत्यावश्यक नै देखिन्छ ।

कर्मबाट अर्थात् सत्कर्मबाट धर्म नै फल्ने भएपनि त्यसबाट भन्दा तपबाट बढी धर्म प्राप्ति हुने हुनाले तपोभूमिलाई धर्मभूमि भन्नुपनि स्वाभाविकै बन्न जान्छ ।

त्यस्तो धर्मका लागि गरिएको कर्मबाट र त्यस कर्मबाट फलेको धर्मले पनि सकाम रूपमा स्वर्गादि सुख प्राप्त हुने र निष्काम रूपमा भए अपवर्ग प्राप्ति हुन जानु पनि त्यस परम तत्त्वको अहैतुकि कृपाकै तारतम्य हो भन्नु पर्छ ।


सबैको भलो चिताउनु प्राणी मात्रको कल्याण गर्नु नै भद्रकार्य भएको र सो भद्रको अर्को रूप 'शिव' भएकोले बाहिरबाट हेर्दा असल खराब देखिए पनि भित्रबाट केवल शिव कल्याण मात्र गर्ने भएका चेतनको सम्पुर्ण रूपले अवस्थिति भएको भूमिलाई नै शिव भूमि भनिने र त्यस्तो शिवको जस्तै कल्याणकारी शैव भावले सम्पन्न चेतनको अवस्थिति भएको भूमिलाई "शैव भूमि" नामकरण हुनु अत्यन्त उपयुक्त देखिन्छ ।

कतिपय विचार भेद र मान्यताको फरकले गर्दा शैव भूमिको बारेमा अनेक मत खडा हुन खोजे पनि पृथ्वीको शिरो भाग, आर्यावर्तको उच्च बिन्दू, जगज्जेष्ठ हिमालयको काखमा, रहेको सिङ्गो नेपाल आफ्नो सर्व हिताय, सर्व सुखाय भावनाको कारणले शैव भूमिको एक उज्वल आदर्श प्रमाणित हुन्छ ।

"शैव भूमि" यस संज्ञाबाट सम्पूर्ण उपाष्य देवहरूको कल्याणकारी भावना प्रतिबिम्बित हुनका साथै यहाँका प्रत्येक जड् चेतनको भित्री इच्छामा समस्त भूमण्डल, तारामण्डल, आकाशमण्डलकै शिवत्व अर्थात कल्याण गर्ने शुभ भावना परिलक्षित भएको हुँदा पनि यसलाई शैव भूमिको प्रतिष्ठाले पुकारिनु अत्यन्त उपयुक्त देखिन्छ।

वृत्त भित्रका प्रत्येक बिन्दूहरू बराबरै महत्वका भएपनि तिनीहरू मध्येको केन्द्रबिन्दू बढी महत्वको मानिन्छ। कारण सो केन्द्रबिन्दू बाटै सबै अरू बिन्दूहरूमा प्रकाश रूप, चैतन्य शक्तिको संचार हुन जाने तथ्यले गर्दा यस्तो हुनु अत्यन्त स्वभाविक भए छै सम्पूर्ण 'शैव भूमि'को केन्द्रबिन्दू पाशुपत क्षेत्रको महत्व र उत्कृष्टता आफ्नै खालको छ, जसमा परम शिव स्वयं विराजमान हुनुहुन्छ। यस्तो केन्द्रबिन्दू रूप शैव भूमिको छेउ मै बसेका जड् चेतन सबैको पुनीत कर्तव्य, सबैको कल्याण मन, वचन र कर्मलें गर्नु भएकोले यसैलाई अहो भाग्य सम्झी सबैमा तत्परता निरन्तर आईरहोस् भन्ने शैव भूमि सित हाम्रो निरन्तर प्रार्थना छ। अस्तुः





पशुपतिनाथको तेस्रो नेत्र

-प्रा. शिवगोपाल रिसाल

ज्ञान नै तेस्रो नेत्र हो । सामान्यतः मान्छेका वा अन्य प्राणीका समेत आँखा दुई ओटा हुन्छन् । त्यतिमात्र होइन, भगवान् श्रीराम, श्रीकृष्ण जस्ता अवतारहरूको पनि आँखा त दुई ओटा नै हुन्छन् । तेजस्वरूप प्रत्यक्ष देवता भुवनभास्कर श्री सूर्य नारायणको समेत दुई आँखा नै मानेको छ । विष्णु, शिव, देवी गणेश,सूर्य जस्ता पांचायन देवता देखि लिएर तेत्तीस कोटी देवताकै आँखा त दुई नै हुन् । पानीका देवता वरुण विद्याकी अधिष्ठातृ देवी सरस्वती, सृष्टिका देवता ब्रह्माका पनि यद्यपि चार मुखका आठ आँखा हुन्छन्, तर एक मुखमा दुई नै आँखा हुन्छन् । स्थितिका देवता विष्णुका, संहारका देवता रुद्र आदि सम्पूर्ण देवताका दुई आँखा छन् ।

आँखा साधारणतः भौतिक वस्तु हो र उसले भौतिक पदार्थको अवलोकन गर्दछ । हुन त आँखा आफैले वा चर्म चक्षुले मात्र देख्ने होइन । देख्नका लागि नभैनहुने केही अनिवार्य वस्तुको आवश्यकता छ-

१) एक त आँखा (नानी) चाहियो ।

२) दोस्रो कुरा आँखाका अधिष्ठातृ देवता सूर्य, चन्द्र विना अर्थात् प्रकाश विना आँखाले देख्दैन । त्यसकारण प्रकाश देख्नका लागि नभइनहुने तत्व हो ।

३) तेस्रा कुरो हो देखिने पदार्थ-भौतिक वस्तु । यदि देखिने पदार्थ नै छैन भने देखेको कुरो सिद्ध हुँदैन ।

४) चौथो तर सबभन्दा महत्वपूर्ण कुरो हो—देख्नेवाला मान्छे । देख्ने मान्छे नभई कुनै वस्तु देखिंदैन । देखिने पदार्थ छ, देख्नका लागि आँखा ठीक छ, सूर्य, चन्द्र पनि हुनुहुन्छ, तर देख्नेवाला अर्थात् देख्न तयार नभए देखिंदैन । यसलाई चित्तको वृत्ति अर्थात् हेर्ने इच्छा पनि भन्न सकिन्छ ।

वेदान्तको पारिभाषिक शब्दावलीमा ढालेर भन्ने हो भने यसलाई संक्षेपीकरण गरेर भन्न सकिन्छ–

१) देखनेवाला - साभास चित्त वृत्तिको-चैतन्यमा परेको प्रतिविम्वको–

सात्विक खण्डः– यसैलाई कर्ता, भोक्ता, ज्ञाता, मन्ता, विज्ञाता आदि शब्दद्वारा प्रष्ट गर्न सकिन्छ । अखण्ड परिपूर्ण चैतन्य ब्रह्मवस्तुको चित्तमा प्रतिविम्व पर्दछ । चित्त जहिले पनि साभास हुन्छ अर्थात् स्वच्छ वा निर्मल हुन्छ– त्यही साभास अन्त:करणमा (चित्तमा) चैतन्य वस्तुको छाया पर्ने हुनाले यही मन, बुद्धि, चित्त अहंकार जस्ता चार नामबाट कहिने चित्तका स्वरूपमा ब्रह्म चैतन्यको अनुभव हुन्छ । यसैकारण ब्रह्मानुभवका लागि अखण्ड चित्तको आवश्यकता स्वीकृत छ, तर ब्रह्मानुभव भएपछि चित्त चित्तरूपमा रहँदैन र त्यो पनि चैतन्य नै बनिहाल्छ ।

२. देख्नु - देखनेवाला छ, देखिने पदार्थ छ भने त्यहाँ अवश्य पनि देख्नु भन्ने क्रया पनि छ । कर्ता र कर्म छ भने क्रिया पनि छ । मरिसकेको मान्छेका आँखाले पनि केही कालसम्म देख्छ रे । त्यसैले त आजकलको चिकित्सा विज्ञानले यस्ता आंखाबाट पनि काम लिएका दृष्टान्त पाइन्छन् । त्यहाँ देखनेवाला छैन, ऊ त मरिसक्यो, तर देख्नु चाहिं बाँकीनै रहेछ । यो हो साभास चित्तमा परेको **राजसिक खण्ड** ।

३. देखिने पदार्थ, वस्तु– चित्तमा चैतन्य वस्तुको जुन प्रतिबिम्ब पर्दछ, त्यसको **तामसिक खण्ड** नै देखिने वस्तु हो । देखिने वस्तु नै छैन भने देखनेवाला र देख्नु क्रिया सिद्ध हुँदैन ।

देखनेवाला (द्रष्टा) देख्नु क्रिया (दर्शन) र देखिने वस्तु (दृश्य) तीनको संघात्लाई वेदान्तमा त्रिपुटी भनिन्छ । वास्तवमा यी तीनै भौतिक भएकाले हरहालतमा मिथ्या हुन् । जव यी भौतिक रूपमा त्रिपुटी द्रष्टा, दर्शन र दृश्य मिथ्या ठहरिन्छन् अनि अवश्य पनि सत्य वस्तुको खोजी हुन्छ । त्यतिखेर फेला पर्छ ज्ञान चक्षुका रूपमा, प्रज्ञा चक्षुका रूपमा, दिव्य चक्षुका रूपमा पशुपतिनाथको तेस्रो आँखा । हुन त परब्रह्म परमात्मा भगवान् श्री पशुपतिनाथको अरू साधारण मर्त्यका झैं चर्म चक्षु त छँदै छैन भनेपनि हुन्छ । तैपनि साकार र सगुणका उपासकहरू भोले दिगम्वरी बावाको पनि रूपको, आकारको, मूर्तिको; गुणको, लीलाको कल्पना गर्दछन् । कामदेवलाई

भष्म पार्नका निमित्त शंकर भोलाको आज्ञाचक्रबाट ज्योतिकारूपमा अग्निको ज्वालाका रूपमा तेस्रो आँखा खुलेको थियो। संसारी कामान्ध विषय वासनामा चुर्लुम्म डुबेको लम्पटको दुई ओटै आँखा त राम्ररी खुलेको हुँदैन भने ज्ञान र चेतनाले त्याग र तपस्याले योग र समाधिले खुल्ने तेस्रो आँखा कसरी खुलोस् ? साधक, तपस्वी, भक्त, ज्ञानी आदिको तेस्रो आँखा खुलेको हुन्छ, तर संसारीको चाहिं खुलेको हुँदैन। संसारीको त दुईटै आँखा पनि राम्ररी खुलेको पाइँदैन, त्यसैले कृत्रिम आँखा अर्थात् चस्माको प्रयोग चाहिन्छ।

अज्ञान नष्ट गर्नका लागि अथवा ज्ञानोदयका लागि तेस्रो नेत्रको आवश्यकता पर्दछ। पशुपतिनाथको तेस्रो नेत्रको मूल मर्म पनि यही नै हो। तेस्रो आँखा हुने स्थान आज्ञाचक्रमा परमात्माको वास हुन्छ। यसैले पनि जहाँ परमात्माको वासस्थान छ भने त्यहाँ तेस्रो नेत्र अर्थात् प्रज्ञा चक्षु, ज्ञान चक्षु अथवा दिव्य चक्षु हुनु बिलकुलै स्वाभाविक हो। चर्म चक्षु–द्वयलाई पूर्ण मात्रामा नियन्त्रणमा राख्न समर्थ छ– एक मात्र भएपनि तेस्रो आँखा–प्रज्ञा चक्षु।

वस्तु प्रत्यक्षका लागि आँखारूपी इन्द्रियका ढोकाबाट चित्त किंवा वासना अथवा अन्तःकरण बाहिर निस्कन्छ र वस्तुमा पर्दछ अर्थात् अन्तःकरण विषयाकाराकारित हुन्छ। अन्तःकरणले (मनले, चित्तले) विषयलाई बहिस्करण (इन्द्रिय–आँखा, कान, नाक, मुख आदि) द्वारा समात्दछ अनि तत्कालै विषयको वासना वा अनुभवलाई अन्तःकरणले भित्र लैजान्छ र वस्तुको प्रत्यक्ष पनि अन्तःकरणमा नै हुन्छ। त्यसैले हामी यो तातो, यो रातो, यो गाई, आदि भनेर अन्तःकरणमा नै अनुभव गर्दछौं। सामान्यतया विषयको ज्ञान गर्न त यत्रो विधि चाहिन्छ– अन्तःकरणको यत्रो आवश्यकता पर्दछ भने ब्रह्मको स्पष्ट अनुभव गर्नका लागि कुन् विधि कत्रो क्रम र साधनको आवश्यकता पर्ला–छर्लङ्ग छ। त्यसैले तेस्रो आँखाको अनिवार्य आवश्यकता पर्दछ– ज्ञानका लागि, ब्रह्म प्रत्यक्ष गर्नका लागि। हुन त ब्रह्म वस्तु प्रत्यक्ष गरिने वस्तु विशेष, पदार्थ विशेष त होइन। तथापि ब्रह्मको पनि त अनुभव गर्न पर्दछ– यसमा पनि विकल्प छैन। त्यसो भए त्यसको साधन के त भन्दा तेस्रो नेत्र। यसबाट के पनि सिद्ध हुन्छ भने तेस्रो नेत्रको खास व्यावहारिक आशयहो- अखण्ड अन्तःकरण वा चित्त।

जति जति अन्तःकरण अखण्ड बन्दै जान्छ अर्थात् चित्त शुद्ध, विशुद्ध र अचित्त बन्दै जान्छ उति उति तेस्रो नेत्र खुल्ने लक्षणहरू देखापर्न थाल्छन्। जब चित्त चलेन र निदाएको पनि छैन भने त्यो अवश्यपनि समाधिमा बसेर व्यवहार चलाउँछ र भनिन्छ उसको तेस्रो नेत्र खुलेको छ।


हामी पनि तेस्रो हाम्रो नेत्र खुलाउन लागि हालौं अर्थात् अन्तःकरणलाई अचल, अखण्ड, र वासना रहित बनाउनेतिर आजैदेखि अहिल्यैदेखि लागि हालौं। पशुपतिनाथको तेस्रो नेत्रले यही आशीर्वाद बाँडिरहेको छ।

शिवमस्तु।









धर्मको मर्म पूर्णताको बाटो

–प्रा० खेमराज "केशवशरण"

मन्दिर यात्रमा कोही निस्किरहेको हुन्छ । व्यङ्ग्य वचनको प्रयोग सुन्नु पर्दछ-"कसो हो धर्म गर्न निस्केकोकि क्याहो आज ?" वास्तवमा यस्ता वाक्यले समाजमा अतीतदेखि बनिरहेको भ्रान्त धारणाको प्रतिनिधित्व गरिरहेका हुन्छन् । हामीकहाँ चिन्तनको एउटा भ्रान्तपक्ष पनि भ्रान्त धारणा संगालि आएको हुन्छ । व्यक्ति,समाज सबैको धारण,पोषण,सुव्यवस्था कल्याण गर्ने जुनसुकै सेवामूलक, कल्याणकारी कार्य पनि धर्म बन्नसक्तछ र त्यस्तो कार्य जहाँतही हुन सक्तछ मन्दिर जाइरहनु पर्दैन भन्ने स्पष्ट रूपमा नबुझ्दानै यस्तो भ्रान्त धारणा बन्न जान्छ र यी वाक्यहरू प्रयोग मा आएको सुनिन्छ

गहिरिएर विचार गर्दा साँच्चीनै धर्म आज मठमन्दिर, देवस्थलमा कैद भए झैं लाग्दछ धर्मले फुकेर खुला रूपमा शिक्षाको क्षेत्र, सामाजिक सेवाको क्षेत्र, व्यापारको क्षेत्र, जीवनका अरू क्षेत्रहरूमा पुग्न पाएको कमै देख्न पाइन्छ । यद्यपि अघोषित रूपमा असल कर्मद्वारा यी क्षेत्रहरूमा पनि धर्म भैरहेको हुन सक्तछ परन्तु प्रचलित शब्दावलीमा, त्यस्लाई धर्म नमानिने हुँदा धर्मको सीमा चौघेरा केवल मन्दिर-मठ, गुम्बा, गिर्जा, मस्जीद बस यिनैमा थुनिएको जस्तो भान हुन्छ । कुनै पसलमा गयो केही किन्यो मोलमा तलमाथि पर्दा ग्राहकले भन्छ यस्तो धर्म छोडेर कुरा नगर्नोस्न ? पसले भन्दछ यो कोही मन्दिर हो र ? मानौं धर्म त केवल मन्दिरमा गर्ने कुरा होस् । कुरै पिच्छे "धरोधर्म" जरूर प्रयोग हुन्छ तैपनि धर्म गर्न पर्ने भयो भने चाहिं कुरा आइहाल्छ "यो मन्दिर वा देवस्थल हो र ?" धर्म यसरी चौघेरामा थुनिए झैं भएकोछ आज ।

धर्म तत्वका प्रतिपादक शास्त्रहरू भन्दछन्—जीवनको विवेकपूर्ण प्रयोग नै धर्म हो । त्यसैले जीवनका प्रत्येक अङ्ग संग, प्रत्येक पक्षसंग, धर्म

सम्वन्धित छ । जीवनका प्रत्येक पक्षसंग संम्वन्धित छ। त्यसैले धर्म कुनै परिधिभित्र थुनिदैन । जहाँ जीवन छ त्यहाँ धर्मको सम्बन्ध छ । यदि असल कर्म मन्दिर वाहिर, देवस्थल वाहिर हुनै सक्दैन भने मात्र धर्मलाई त्यसरी सीमित कुण्ठित रूपमा कल्पना गर्न पर्ने हुन्छ। वास्तवमा त्यस्तो हुँदैन । असल कर्म त जीवनको शाश्वत रहर हो त्यस्को परिपूर्ति जहाँ र जहिले पनि हुन सक्तछ ।

रीतिरिवाज, चालचलन, रूढिले चाहिं कुनै सीमानै खोज्दछ। त्यो केहि न केहि रूपमा वाँधिएकै हुन्छ । फलानै कुरा नभइ, फलानै ठाउँ नपुगी हुंदैन भन्ने सीमाङ्कन त्यसमा जरूर रहन्छ । तर जस्लाई मनले, वचनले र कर्मले जुनस्थितिमा पनि सम्पादन गर्न सकिन्छ त्यस परम सत्यलाई, धर्मलाई के ले, कसरी थुन्ने ? किन थुन्ने ! हा मी मनैमन अरूको भलो चिताएर पनि धर्म गरीरहेका हुन्छौं । कहीं ज्यादै पीर परेर छट्पटाइरहेका मानिस छन् । तिनलाई केही सान्त्वनाका शव्दले, सन्तुष्टि दिने वाक्यले शान्ति प्रदान गर्न सक्तछौ भने त्य सवेला पनि हामीवाट धर्म भइरहेको हुन्छ । कहीं कसैले वाटो बिराएर दुःख पाईरहेको छ । हाम्रो वोली वचनले केही मद्दत पुग्यो त्यहाँ पनि धर्म भइरहेको हुन्छ । यी त भए मन र वचनवाट सधैं हुन सक्ने धर्मका कार्यहरू । हामी शरीरवाट कसैलाई सहारा दिऔं केहि पैसाले सह–योग गरौ, अरू कुरा कसै प्रति दिएर सहयोग गरौं, त्यो प्रत्यक्ष धर्म हुन्छ । लड्न लागेकालाई थामि दिऔं । वालक, वृद्ध, अशक्तलाई कुनै रूपवाट सहारा दिऔं त्यो सम्पूर्ण नै धर्म हुन्छ । अनि धर्म गर्न किन कुनै स्थान विशेषमा जाइरहनु पर्छ र ! जीवनको नित्य सहचारी हो धर्म । जहाँ जीवन असल कार्यमा वितिरहेको हुन्छ त्यहाँ सर्वत्र धर्म धर्म छ । त्यसैले "आज धर्म गर्न मन्दिर जान लागेको" ? भन्ने जस्ता प्रश्न स्वतः अर्थहीन हुन पुग्दछन् ।


जवसम्म मानिसलाई कर्तव्यको वोध छ उसवाट सर्वत्र धर्म धर्म भइ–रहेको हुन्छ । म कसैको अभिभावक, कसैको स्नेह पात्र छु । मवाट ती सवैले केही अपेक्षा राखेका छन् । तिनको सेवामा केही गर्न छ, यो वोध हो धर्मको प्रेरणा सर्वत्र हुन्छ सदैव हुन्छ । म समाजको अङ्ग हुँ । समाजको लागि मैले केही गर्नु छ यो दिव्य भाव मनमा जागोस् केही न केही धर्म मानिसले गरि रहेकै हुन्छ । त्यसैले धर्ममय वन्न सक्तछ जीवन संक्रन सम्नेका लागि । कुनै सीमित स्थानमा वद्ध भैरहनै पर्दैन ।


आऔं धर्मका ती पावन मर्यादाहरूलाई सम्झौं जस विना हाम्रो जीवन यात्रा नै चल्दैन । धर्मका सारभूत तत्वहरू दशवटा मानिएका छन् तिनीहरूवाट पनि सार झिकेर सवै जात, सवै वर्णका लागि समेत र जीवन पर्यन्तका लागि भएका मानिएका छन् । मन, वचन र कर्मले कहिले कसैंको अहित नगर्नु सत्य वचन वोल्नु, अरूका वस्तुमा अनाधिकार हस्तक्षेप नगर्नु, आफ्नो पहुंच भन्दा परको वस्तुमा मन नदौडाउनु, जसमाथि नियन्त्रण राख्नु र सवै प्राणीको हित चिताउनु यी सवै जात र वर्णका मानिसले सँधै र सर्वत्र गर्नु पर्ने सार्ववर्णिक धर्मका मर्यादाहरू हुन्—

अहिंसा सत्यमस्तेयमकामक्रोध लोभता ।
सर्वभूत हितेहाच धर्मोऽयं सार्ववर्णिकः ।।

कल्पना गरौं के यिनलाई परिपालन गर्न कहिँ ठाउँ विशेषमा पुगिरहनु पर्ला ? यी कुराको पालनमा ध्यान दिने व्यक्तिले पाइला पाइलामा, छिन छिनमा धर्म गरीरहेको हुन्छ।

जस्ले व्यक्ति,समाज, राष्ट्र र अन्ततः विश्वलाई नै भौतिक समृद्धिका साथै आध्यात्मिक शान्ति तर्फ अग्रसर तुल्याउंछ त्यसैको नाम धर्म हो। त्यो चाहे मन्दिर, गुम्वा, मठ, सामाजिक, शैक्षिक संस्था जसका माध्यम वाट होस्। जहिले होस् जहाँ होस् । वेदका सत्यदर्शी ऋषिहरू त सम्पूर्ण पृथिवी नै धर्म द्वारा धारण गरिएको कल्पना गर्दछन् "पृथिवी धर्मणा धृता ।" पृथिवी मात्र होइन सम्पूर्ण सृष्टि चक्र नै धर्मको वाटोमा प्रतिष्ठित छ–"धर्मो विश्वस्य जगतः प्रतिष्ठा ।' धर्मको मर्म वुझौं र जीवन नै धर्ममय बनाउने साधना तिर लागौं । यही पूर्णता हुनेछ । अस्तु ।





भगवान् श्री शङ्कराचार्य र शैवधर्म

–ब्रह्मचारी रामानन्द

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ।।

यस गीता वाक्यको अनुसार यस धराधाममा जब पाखण्ड मतको प्रचार र वैदिक धर्मको ह्रास हुन थाल्दछ, त्यस वखतमा भगवान् स्वयं योगशक्तिले प्रकट भएर वैदिक धर्मको उत्थान, अधर्मको विनाश र साधु–सज्जनहरूको पूर्णतः संरक्षण गर्नु हुन्छ । यिनै मुख्य तीन उद्देश्यलाई लिएर भगवान् समय समयमा यस भारतवर्षमा अवतार ग्रहण गर्नुहुन्छ ।

जुन वखतमा भगवान् शङ्करले दक्षिण भारतको केरल प्रान्तको कालटी गाउँमा काण्वशाखाध्यायी ब्राह्मणको कुलमा अवतार ग्रहण गर्नु भयो, त्यस समयमा शैवधर्म ज्यादै नै दयनीय दशामा पुगेको थियो । जुन समयमा तात्कालिक हिन्दु मन्दिरहरूमा भगवत् प्रतिमाहरूको दर्शन प्राय दुर्लभ भइ–सकेको थियो । जुन समयमा एकतर्फ जगत्को उत्पत्ति, स्थिति र प्रलयकर्ताको रूपमा ब्रह्मतत्त्वलाई मान्नु पर्ने आवश्यकता छैन, यो सारा सृष्टि शून्यबाट भएको हो भन्ने शून्यवादी भिक्षुहरूको भनाइ थियो भने अर्कोतर्फ अग्नि होत्रादि याग संपादन गरी स्वर्ग प्राप्त गर्नु नै मानव जीवनको परम लक्ष्य हो भन्ने कर्मवादी मीमांसकहरूको बोलवाला थियो र यसैप्रकार अरू मत मतान्तरहरूको पनि प्रचार-प्रसार प्रतिदिन बढिरहेकै थियो। परन्तु ब्रम्हकारण-तावादमा आधारित शैव धर्म भने 'किं' करोमि 'क्व गच्छामि'को मे कष्टं दूरी करिष्यति" अर्थात् म के गरौं, कसको शरणमा जाऊँ ? कसले मेरो कष्टलाई नष्ट गरिदेला 'भन्दै ठूलो चिन्ता सागरमा डुबिरहेको थियो । त्यसै वखतमा यस शैवधर्मले भगवान् शङ्करलाई नै भगवान् शङ्कराचार्यको रूपमा प्राप्त गरी आफ्नो उद्धार गर्ने शुभ अवसर प्राप्त गर्‍यो ।

यो सारा विश्व ब्रम्हाण्ड शिव शक्त्यात्मक भएकोले शैव धर्म भन्नाले सनातन हिन्दु धर्म नै हो भन्ने कुरा स्पष्ट हुन्छ । यद्यपि सनातन हिन्दूधर्ममा-पनि शैव, शाक्त, गाणपत्य, वैष्णव आदि विभिन्न संप्रदायहरू छन्, तथापि नाममा भिन्नता भएपनि तत्वमा भिन्नता नभएको हुनाले बिवादको प्रसङ्ग उठन सक्तैन । जस्तै विभिन्न मानिसहरूले आफ्नो रूचिको अनुसार विभिन्न प्रकारका कपडाहरू सिलाएर लगाएता पनि सारा कपडाहरूको मूलतत्वको रूपमा कपास नै अनुस्यूत भएर रहेको हुन्छ । अर्थात कपडाहरूको नाम र बुट्टाहरू अलग अलग भएता पनि कपास भन्ने तत्वलाई कसैले पनि छोड्न सकेको हुँदैन ठीक त्यस्तै प्रकारले उपासकहरूले पनि आफ्नो जन्मान्तरीय संस्कारले कसैले शिव, कसैले विष्णु र कसैले सूर्य, देवी र गणपति आदिको उपासना गरेतापनि सबैको मुलतत्वको रूपमा सर्वव्यापक, सर्वनियन्ता, सर्वेश्वर,सर्वाधि-ष्ठान रूप एकै चेतन तत्व सबै उपाष्य देवहरूमा अनुस्यूत भएर रहेको हुनाले सबै उपासकहरूले मूलतत्वको रूपमा त्यही सर्वान्तर्यामी, सर्वाधिष्ठान चेतनत-त्वको नै उपासना गर्दछन् ।यसप्रकार सबै उपासकहरूको उपास्य चेतन तत्वलाई छोडेर अरू कुनै तत्व सिद्ध हुन सक्तैन । अतः त्यही चेतनतत्व नै सबको उपाष्य हो । "शिवस्य हृदयं विष्णुः विष्णोश्च हृदयः 'शिवम्' अर्थात् शिवको हृदय विष्णु हो र विष्णुको हृदय शिव हो भन्नु पनि चेतनतत्वको एकतालाई स्वीकार गरेमा मात्र संभव छ । त्यसकारण शङ्कराचार्य र शैव धर्म भन्ने शीर्षकमा शिव भन्नाले सर्वाधिष्ठान चेतनतत्व हो भन्ने कुरा बुझिन्छ ।

माण्डुक्योपनिषद्मा ब्रह्मको चतुर्थपादको वर्णनमा सर्वाधिष्ठान ब्रह्म तत्वलाई नै "प्रपञ्चोपशमं शान्तं शिवमद्वैतं चतुर्थं मन्यन्ते स आत्मा स विज्ञेयः (मा. उ.) यो श्रुतिवाक्यले शिव शब्दद्वारा बतलाइएको छ । अतः शिवशब्द वाक्य ब्रह्मतत्व नै हो र शैव धर्म भन्नाले जुन धर्ममा दीक्षित मनुस्य यस जगत्को उत्पत्ति, स्थिति र प्रलय ब्रम्हबाट नै हुन्छ । अतः जगत्को कारण ब्रम्हतत्व नै हो भनी स्वीकार गर्दछन् । अरू वादीहरू चेतनब्रह्मवस्तुलाई जगत् कारण भन्न डराउछन् । जस्तै सांख्यहरू जड प्रकृतिलाई, नैयायिकहरू परमाणु-लाई, पूर्वमीमांसकहरू कर्मलाई, बौद्धहरू शून्यलाई जगत्को कारण हो भनि स्वीकार गर्दछन । परन्तु यी सब सिद्धान्तहरू वेद विरुद्ध सिद्धान्त हुन्, किनकि "यतो वा इमानि भूतानि जायन्ते, येन जातानि जीवन्ति, यत् प्रयन्त्यभि-संविशन्ति, तद् ब्रम्ह" इत्यादि श्रुतिले चेतनरूप ब्रह्मलाई नै जगत्को कारण बतलाएको छ । उक्त शीर्षकमा शिव शब्द ब्रह्म वाचक भएकोले शैव धर्म

अन्तर्गत वैष्णव, शाक्त, सौर्य र गाणपत्य धर्म पनि प्रविष्ट हुन सक्दछन् । किनकि वैष्णव, शाक्त धर्मावलम्वीहरू पनि जगत्को उत्पत्ति, स्थिति, प्रलय आदि चेतन तत्वबाट नै मान्दछन् । अतएव भगवान् शङ्कराचार्यले आफुले लेख्नु भएको स्तोत्रहरूमा शिव, विष्णु, शक्ति, सूर्य र गणपतिको समानरूपले स्तुति गर्नु भएको छ । उहाँले 'मणिरत्नमाला' भन्ने ग्रन्थमा पनि"किमम् कर्म कृत्वा नहि शोचनीयम् ?' यस्तो प्रश्न उठाएर उत्तरमा "कामारि कसारि समर्चनाख्यम्' भन्नु भएको छ । यताबाट यो कुरा स्पष्ट हुन्छ कि भगवान् शङ्कराचार्यको विष्णु र शिवमा भेद दृष्टि थिएन । उहाँले चर्पटमञ्जरी स्तोत्रमा पनि गोविन्दं भज, ध्येयं श्री पति रूपमजस्रम्' इत्यादि वाक्यद्वारा भगवान् विष्णु प्रति अनन्य भक्ति दर्शाउनु भएको छ। उहाँ देवीको स्तुति गर्दै भन्नु हुन्छ–'न मोक्षस्याकांक्षा' मलाई मोक्षको ईच्छा पनि छैन । म त तपाईको मृडानी, रूद्राणी,भवानी आदि पावन नामहरूको उच्चारण गर्द शरीरलाई छोड्न चाहन्छु इत्यादि । यही अभेद दृष्टिले नै शाङ्कर दर्शन लोकप्रिय दर्शन हुन पुगेको छ। वर्तमान समयमा शाङ्कर दर्शनको प्रचार एवं प्रसार भारत वर्षमा मात्र सीमित नभै पाश्चात्य जगत्मा पनि यसले उच्च स्थानप्राप्त गरेको छ। यसप्रकार हाम्रो हिन्दु धर्म कि वा शैव धर्म भगवान् शङ्कराचार्यप्रति अत्यन्त ऋणी छ भन्न सकिन्छ । त्यस समयमा यस भारतवर्षमा आचार्य शङ्करको प्रादुर्भाव नभएको भए शैव धर्म उसै समयमा धराशायी भैसक्ने थियो। उहाँकोआयु अति स्वल्प भएतापनि उहाँका कार्यहरू अति महान् थिए। उहाँको संबन्धमा यो कुरा सुनिन्छ कि उहाँले आठ वर्षको उमेरमा अङ्ग सहित वेदको अध्ययन समाप्त गर्नु भयो र बाह्र वर्षको उमेरमा सम्पूर्ण शास्त्रहरूको ज्ञाता, हुनुभयो । सोह्र वर्षको हुंदा श्री मद् भगवद्गीता, ब्रम्ह सूत्र र उपनिषद्हरूमा भावपूर्ण र सरल भाष्यहरूको रचना गरी भाष्यको आशयलाई स्पष्ट गर्नका लागि विवेक चुडामणि,अपरोक्षानुभूति, उपदेश साहस्री आदि प्रकरण ग्रन्थहरूको रचना गर्नु भयो । त्यसपछि विभिन्न मतावलम्वीहरूलाई शास्त्रार्थमा पराजित गर्दै कन्याकुमारीदेखि हिमालय सम्म पैदल यात्रा गर्दै पाखण्ड मतहरूको खण्डन गरेर बिभिन्न ठाउहरूमा शैव, शाक्त तथा वैष्णव मन्दिरहरूको पुनरुत्थान तथा भगवद् विग्रहहरूको स्थापना गरी भारतका चार दिशामा चार मठहरूको स्थापना गरी उक्त मठहरूमा योग्य आचार्यहरूको अभिषेक गरी हिन्दु धर्मको जगलाई कसैले पनि भत्काउन नसक्ने गरी ३२ वर्षको समयमा केदार क्षेत्रमा गई आफ्नो स्थूल शरीरलाई त्याग गर्ने त्यस समयमा अद्भुत र

अलौकिक प्रतिभा सम्पन्न कुनै महापुरूष हुनु हुन्थ्यो भने भगवान् शङ्कराचार्य नै हुनु हुन्थो । उहाँको संवन्धमा कुनै कविको श्लोक उद्धृत गरिन्छ—

अष्टवर्षे चतुर्वेदी द्वादशे सर्वशास्त्रविद । षोडशे कृतवान भाष्यं द्वात्रिंशे मुनिरभ्यगात् । भगवान् शङ्कराचार्यको मुखय सिद्धान्त हो (ब्रह्म सत्यं जगन्मिथ्या जीवो ब्रह्मैव नापर) अर्थात् सत्य वस्तु एकमात्र ब्रह्म हो । यो सारा दृष्यमान आकाशादि प्रपञ्च डोरीमा भ्रमले सर्प देखिए झैं ब्रह्म-मा देखिइरहेको छ । वस्तुतः जस्तो डोरीमा सर्प कुनै हालतमा पनि छैन, त्यस्तै ब्रह्ममा पनि जगत् कुनै हालतमा पनि छैन, त्यस्तै अज्ञानले गर्दा जीव र ब्रह्ममा पनि भेद देखिएको मात्र हो, ज्ञान भए जीव र ब्रह्मामा भेद कुनै हालतमा पनि देखिदैन, इत्यादि । यद्यपि 'सर्वं खलु इदं ब्रह्म, ब्रह्म सत्यं जगन् मिथ्या', इत्यादि सिद्धान्त वैदिक सिद्धान्त हो । शङ्करा-चार्यको निजी सिद्धान्त होइन, तथापि भगवान् शङ्कराचार्यले उक्त भाष्य-हरू र प्रकरण ग्रन्थहरू लेखी यस सिद्धान्तलाई परिस्कृत रूप दिनु भएको ले भगवान् शङ्कराचार्यलाई हामी अद्वैत वेदान्त दर्शनको कि' वा शैव धर्मको प्रतिष्ठापकको रूपमा मान्न सक्दछौं ।

इतिहासकारहरूको भनाइ छ कि भगवान् शङ्कराचार्य नेपालमा पनि आउनु भएको थियो । यहाँ आएर आफ्नै करकमलबाट भगवान् पशुपति-नाथ को स्थापना गरी दक्षिणबाट पूजा कर्ममा कुशल, विद्वान् भट्टहरूलाई बोलाई वैदिक विधि पूर्वक भगवान् श्री पशुपतिनाथ को पूजा गर्ने परंपरा पनि उहाँले नै बमाल्नु भएको हो, जो परंपरा अहिले सम्म पनि अक्षुण्य रूपमा चलिरहेकै छ ।

यसप्रकार शैव धर्मको उत्थान कि वा प्रतिष्ठापनका लागी भगवान् शङ्कराचार्यको अनुपम योगदान छ भन्ने कुरामा दुईमत होला जस्तो मलाई लाग्दैन र यिनै शब्दहरूले अहिले म भगवान् श्री पशुपतिनाथको चरण कमलमा यो निवन्धाञ्जलि समर्पित गर्दै आफ्नो लेखनीलाई विश्राम दिन चाहन्छु ।

हरि ॐ तत्सत्

-मन-

प्रयागराज 'वाशिष्ठ

कहिले हाँसोमा,
कहिले आँसुमा
जीवन यसै उसै चलेकै हुन्छ ।
चाहे जोगी होस्
चाहे भोगी होस्
मनमनमा चाहनाको वत्ती वलेकै हुन्छ
चाहे गरीव होस्
चाहे धनी होस्
सबैको मन जलेकै हुन्छ !
यस्तो लाग्छ–
धर्ती साँगुरिदैछ पाईतालाहरूमा,
पाईताला साँघुरिदैछन् गन्तव्यहरूमा,
गन्तव्य साँघुरिदैछन् लक्ष्यहरूमा
लक्ष्यहरू साँघुरिदैछन् पेटहरूमा
सबैलाई हाँसेको देख्ने मेरो लक्ष्य,
कहिले कही त आफू-आफैसंग रोईदिन्छ,
विश्व–सम्राट भए पनि असन्तोषी र दुःखी यो मन
कहिले कही त एक खिल्ली चुरोटमा खुशी होई दिन्छ ।



जनसंख्या वृद्धिको तुलनामा खाद्यान्न उत्पादनमा मात्र होइन हाम्रो सम्पूर्ण सामाजिक र आर्थिक सुविधाहरूमा पनि वृद्धि हुन नसकेमा हामी उन्नतीको सट्टा अवनतितिर ओर्लन्छौं र हाम्रो प्राकृतिक वातावरणमा मात्र होइन हाम्रो समाजमा समेत असन्तुलन र विकृति आउने डर हुन्छ।

--श्री ५ वीरेन्द्र

पाशुपत क्षेत्रको ऐतिहासिकता

-कुलचन्द्र कोइराला

नेपालमा परमपूजनीय आराध्य राष्ट्रिय देवताको रूपमा भगवान् पशुपति नाथको ज्यादै ठूलो महिमा छ। भगवान् पशुपति नाथको दर्शनगर्न तथा नेपालका अन्य तीर्थ—मुक्तिक्षेत्र, दामोदर कुण्ड, गोसाई कुण्ड, सुन कोशी दूध कोसीको संगमका जटेश्वर, दुम्जाको कुशिकाश्रम, कोशी अरूणको संगमकी कालिका कोकामुख वाराह आदिको दर्शन र स्नानको पुण्यफल र महात्म्य महा भारतको वन पर्वमा विस्तृत रूपमा बर्णन गरेको पाइन्छ। पाश्चात्य विद्वान्हरूले महा भारतको युद्ध इसापूर्व २००० वर्षतिर मानेकाछन्। महाभारत ग्रन्थको रचना इसापूर्व १००० वर्ष लगभगमा हुनुपर्छ भन्ने केही विद्वान्को तर्क छ भने मूलकथाको रचना काल लगभग इसा पूर्व १८०० तिर भैसकेको कुरा पनि कयन विद्वान्हरू मान्दछन्। महा भारतमानै माहेश्वर पुरी गएर वृषध्वज भगवान्को दर्शनगरेको पुण्य महाराज युधिष्ठिरलाई वाहाको कुलगुरू ऋषि धौम्यले वताउनुभएकोले यो उत्तराखण्डको विशेष परिचय महाभारत कालमानै भारत वर्षका कुना कुनामा भएकोथियो भन्ने कुरा र त्यो वेला भन्दा अगाडि देखिनै भारतीय तीर्थयात्रीहरूको आगमन यो उपत्यका भित्र हुन्थ्यो भन्ने कुरा निर्विवाद छ।

शिव रूद्र पशुपतिको विशेष परिचय ऋग्वेदमानै पाइन्छ। ऋग्वेद कालमा आर्यहरूका विशेष जमघट, सप्तसिन्धुको क्षेत्र रावी, सरस्वती आदि नदीका उपत्यकामा थियो।

वैदिक ऋषिहरू यज्ञमा आवाहन गरेर प्रत्यक्ष रूपमा देवताहरूलाई भेटने वा दर्शन पाउने हुंदा प्रतीकपूजाको त्यति ठूलो आवश्यकता पनि थिएन। ब्रह्मर्षि, राजर्षि वाहेकका आर्य एवं अनार्यहरू भने अवश्यनै प्रतीकको स्थापनागरेर देवताको पूजाआजा गर्दथे।

वैदिक मंत्रद्रष्टा ऋषिको परंपरा चलेकै वेलामा आर्यहरूको वंशवृद्धि-

ले गर्दा गंगा यमुना र त्यो भन्दा पूर्ववर्ति भारतका देश-कुरूपयान, श्रावस्ती, अयोध्या, कोशल, काशी, विदेह, अङ्ग, वङ्ग, आदि पूर्वीय देशमा पनि छरिन पुगे । विशाल भूभागका मालिक भएर उर्वरा क्षेत्रको धनधान्यले गर्दा ठूला ठूला यज्ञको अनुष्ठान हुन लागे । यज्ञविधिविधानमा कठिन साधना गर्नुपर्ने धेरै समयलाग्ने, पद्धतिहरू पनि बन्दैगए । मन्त्रदृष्टा ऋषिहरूको वृद्धि र साधनाको विशेषताले यज्ञसम्बन्धी नयाँ नयाँ मंत्रहरूको प्रत्यक्षीकरण पनि भइनैरह्यो जस्को, संकलन पछि यजुर्वेदको रूपमा पाइन्छ ।

वेदमा पशुधन, गोधनका संरक्षक,रोग, भयका निवारक, मानवीय पक्षका सहायकरूपमा रूद्रको आरधना, स्तुति गरिने हुँदा भौतिक पक्षमा रूद्र वा शिवको उपासना आर्यहरूको निम्ति अनिवार्यथियो । गाई भेंडा बाख्रा, घोडानै त्यो वेलाका आर्य र आर्य बाहेकका जातिको पनि मुख्य धन भएकोले र त्यसैका संरक्षक इष्ट देवता शिव भएकोले के आर्य, के अनार्य सबै आदिम जातिले शिवलाई पूजा, स्तुति, आरधना, गर्नु स्वाभाविक नैं थियो ।

मंत्रद्रष्टा ऋषि, युद्ध गर्ने संरक्षणदिने क्षत्रियवर्ग, तथा खेती पशुपालन र अन्य सामाजिक उद्योग, शिल्प, निर्माणका कामगर्ने वर्गविशेष विश (वैश्य)पनि आर्य समाजकै अङ्ग थिए र आर्य सन्तान कै कतिपय शाखा पशुधनकै आश्रय लिएर नयाँ नयाँ ठाउँमा घुम्दै (घुमन्तु) जिन्दगी व्यतीत गर्थथे । यिनै गोपाल (गाई पाल्ने) घुमन्तु आर्यशाखा हिमालयका दक्षिणवर्ती सुन्दर उपत्यकाहरू चहार्दै काठमाडौं उपत्यका भित्र पनि आइपुगे ।

काठमाडौं उपत्यकाको इतिहासमा वंशावलीकारहरूले यो उपत्यका भित्र पहिले शासन गर्ने गोपाल वंशीलाईनै मानेकाछन् । गोपालवंशी भन्दा अगाडि पाषाणकालीन आदिम सभ्यतामा नाग जातिको अस्तित्वरहेको हुनुपर्छ । किन कि समुद्री किनारमा वस्ने नाग जाति पर्वतीय प्रदेशमा फैलिदा पनि पानी भएको ठाउँ ठूलो ताल, ठूला नदीका आसपासमा नै बस्तथे । भेंडा, वाख्रा, आदि पशुपालन गर्ने र माछाको शिकार मुख्य भोजनसामग्री भएकोले यो अनुमान गरिएको हो । त्यो वेला उपत्यका ठूलो तालकै रूपमा रहेको कुरा र त्यो तालला‌ई नागह्रद भनी वंशावलीले बताएकाछन् र यहांकोरू जमीन माटाको थुम्का वालुवा आदिको भूपरीक्षण गर्ने हो भने पनि यो कुरा सत्यनै हुन आउँछ। यो तालमा कर्कोटक नाग वस्तथे भन्ने लोकोक्ति अनुश्रुतिह अझैसम्म बाँचेकै छन् । कर्कोटक नाग वंशको राज्य कश्मीरमा भएको कल्हणले

- राजतरङ्गिणी भन्ने ऐतिहासिक ग्रन्थमा उल्लेख गरेका छन् । संकल्प पढ्दा वासुकि क्षेत्र भनेर पहिले देखिनै प्रसिद्ध ऐतिहासिक तथ्य पनि पाइन्छ ।

नाग जाति संसारको पुरानो जाति हो भनेर इतिहास वेत्ताहरू मान्दछन् र यो जातिका शाखा पाषाणकालीन सभ्यतामानै संसारमा छरिएको थियो ।

पूर्व तर्फबाट पाहाडै पहाड प्रवेश गर्ने किरांत जातिको आगमन इशा-पूर्व २००० वर्ष लगभग मान्न सकिन्छ । किरांतीहरूले नागजातिको कविला-लाई परास्त गर्दै पश्चिम तिर बढेका थिए । नेपाल उपत्यका भित्र किरांती र त्यो भन्दा अगाडिका नागवंशीहरूको ऐतिहासिकता पत्ता लगाउन पुराता-त्विक उत्खनन हुनु आवश्यक छ । नाग जातिको प्राचीन अस्तित्व थियो भन्ने कुरा चाहिं निश्चय नै हो ।

नेपालका गोपाल वंशीहरूको वर्णन गर्दा मल्लकालीन समयमा लेखिएका वा परिवर्तन र संवर्धन गरिएका वंशावलीहरूले आभीर वंश भनेका छन् । यो वंशावली तयार गर्ने बेलामा भारतका पश्चिम भागमा आर्यहरू भंदा पछि भारतमा प्रवेश गर्ने आभीर गोपहरू उत्तर प्रदेश र विहारका भूभागमा फैलिसकेका थिए । यी आभीर (अहीर) आफूलाई यादव भन्नेर श्री कृष्णको वंशसंग सम्बन्धित देखाउने हुँदा वंशावलीकारले कृष्ण संगै पसेका गोपहरूको कल्पना गरी जोडि दिएका हुन् । कच्छ, गुजरातबाट अन्यत्र फैलिने आभीर गोपहरू वैष्णव वासुदेव संप्रदायका हुन् । तर नेपालका गोपालवंशी शैव थिए । साथै किरांतीको प्रवेश भन्दा अगाडि नै गोपाल वंशको उल्लेख पाइनेहुँदा त्यो बेला आभीरहरू भारत वर्ष भित्रै फैलिइसकेका थिएनन् ।

नागह्रदको पानी निकाश भएर सुखा भए पछि नै उपत्यकाको मलिलो भूमिमा खेती गर्ने बस्ति बस्ने गरेको अनुमान हुन्छ। नागह्रदको नाम-करण, नागार्जुन डाँडाको नाउँ, कर्कोटक नागको प्रसङ्ग आदिले नागवंशको आभास दिन्छ भने यस्तै नेपालका अन्य नाम, धार्मिक कला संस्कृतिमा पनि नाग संस्कृतिको छाप परेको पाइन्छ ।

अनुश्रुति अनुसार नेपालको पहिलो व्यवस्थापक नेमुनिले गोपालवंशकै राजा थापेको कथा पनि छ । यो नाग वंशनै पनि हुन सक्दछ । किनकि

गोपाल (गोठाला) कुनै पनि जातिको हुन सक्छ। ने–नेनाउँ भएकी गाइले पशुपतिको ज्योति पुरिएको ठाउंमा गएर संधै दूध चढाउने गर्थिन् र गोपालहरूले चियो गरी पत्ता लगाए पछि उक्त ठाउं खन्दा पशुपतिको ज्योतिर्लिङ्ग प्रादुर्भाव भयो। ज्जोतिले गोपालका सरदार भस्म भएर मरे। उनैका छोरा लाई पछि राजा बनाए। यी गोपाल वंशी र राजा भुक्तमान देखि यक्ष गुप्त सम्मले माता तीर्थको एरियामा बसी राज्य गरे भनिएको छ।

यसैबेला गाइले दूध चढाउने गरिएका पशुपति नाथको उदय र पूजा-आजा गर्ने प्रथा चलेको अनुमान गर्न सकिन्छ। हिमालयको काखमा रहेको यो भूमागमा ज्वाला ज्योति उत्पन्न हुनु आश्चर्य छैन। मुक्तिनाथ, ज्वालाजी (दुल्लु) आदि स्थानमा आजपनि ज्योतिको दर्शन पाइन्छ।

प्रागऐतिहासिक काल भनिएको युगमा नै पशुहरूका देवताको रूपमा रूद्र,शिव, पशुपतिको संस्मरण गर्ने विधान हुदा र यो हिमालय क्षेत्रको सम्पूर्ण भागमा नै शिव (महादेव) को आराधना पूजा हुने भएको र शिव पार्वतीको क्रीडा भूमि मानिएको हुंदा नेपाल उपत्यका भित्र मानव जातिको अस्तित्व संगै पशुपतिको उपासना, आराधना हुन लागेको कुरामा भन्न सन्देह छैन।

ऋग्वेदको अन्तिम मण्डलको रचना संगै यजुर्वेदको मन्त्रहरूको दर्शन हुन थालेको त्यां बेलामा आर्यजातिको प्रसार, कुरु पचाल, उत्तरकुरु,अयोध्या मथुरा, काशी कोशलतिर भैसकेको थियो। यजुर्वेदमा रूद्र, भव, सर्व,मृढ, कपर्दी, पशुपति, शिव, शंकर,आदि नामले अर्चना गरिने शिवलाई सृष्ट स्थिति प्रलयकर्ता महेश्वरको रूप हो भनेर जानिसकेका थिए।

शिव पशुपतिलाई कुनै विद्वान्हरू अनार्य जातिका देवता हुन्, पछि आर्यहरूले पनि अपनाए भनेर लेख्दछन्। उनीहरुको तर्क चाहिं के भने– ऋग्वेदमा 'शिश्नोदेवा' भन्ने उल्लेख अनार्यहरुको लागि गरिएकोले त्यहीबेला अनार्यहरूमा लिङ्ग योनिको पूजा गर्ने चलन थियो र पछि आर्यहरूले पनि शुरूगरे, भन्ने छ। तर शिश्नोदेवाःको अर्थ भारतीय विद्वान्ले अब्रह्मचर्य, भनेर गरेका छन्। सायणाचार्यको भाष्यलाई गुरूमानेर वेदको अर्थ गर्ने पश्चिमा पण्डितहरूले सायणको अर्थलाई नमानेर अनेकन कल्पना जोडनु उचित होइन। यज्ञयागादि विधिविधानले जन्मदेखि मृत्युसम्मका संस्कारले जीवन क्रम वाधिएका आर्यहरूले कुनैपनि विधिविधानमा न वाँधिएका नमरिने कुराजति

खाने, जो सुकै होस् स्त्री भएपछि गमन गर्ने हुने, पशुधर्मा अनार्यहरूलाई प्रयोग गरिएको शिश्नोदेवा शब्द हो र सायणको अर्थ–अब्रह्मचर्यनै वास्तविक अर्थ हो भन्ने कुरामा सन्देह रहदैन। अन्य आदिम जातिहरूमा योनि वा लिङ्ग पूजा थियो होला। त्यही कुरालाई स्मृतिमा राखेर सर्वत्र घटाउनु पनि युक्ति संगत देखिदैन।

आदिम सृष्टिको मानिस, जुनवेला जल प्लावन, महाभूकम्प, घोरवर्षा दुरन्त हिमपात, वनैया हिंसक जन्तुको संहार लीलाले सदैव संत्रस्त रहन्थ्यो, त्यो जीवनको संकटमय घडीमा चिन्तनशील मानिसले सबैसंग रहेका सर्व-सुलभ योनि र लिङ्गको पूजा आराधना गरेर आफूलाई निर्भय पाउँथ्यो भन्ने कल्पना गर्न पनि सकिदैन। अकल्पनीय बाह्यशक्तिले वेला वेलामा पीडित हुने मानव जातिले कल्पना गरिने देवता जल, पृथ्वी, पाहाड, मेघ समुद्र अग्नि सूर्य एवं भयङ्कर जीवजन्तुका प्रतीक हुनसक्छन्। तर सबैसंग भएको मौकामा रक्षागर्न नसक्ने मरणशील प्राणीको चिन्हलाईनै सर्वेश्वर मानेर पूजा गर्दथे भन्ने कुराचाहिं आदिम युगको मानवीय प्रचलन भन्न सकिदैन। बरू आदि प्रकृति र पुरूषको समन्वय पथवा मैथुनीक संसर्गबाट यो जगत्‌को सृष्टि भयो भन्ने निष्कर्षमा पुगेका जातिहरूले अखण्ड सत्ताका प्रतीकरूपमा भनौ शिवशक्तिको रूपमा लिङ्ग (चिन्ह) पूजा गर्न शुरूगरे भन्न सकिन्छ। यसकारण लिङ्ग पूजा वैदिक कालको अनार्य जातिमानै थियो भन्ने कुरा तर्कसंगत हुँदैन। त्यो वेला खानेपिउने स्त्रीसंग मोज मज्जा गर्नेबाहेक अरू धर्मकर्म पूजा वन्दना केही पनि नभएका जातिलाई शिश्नोदेवाः भनेको हो भन्ने र सायण आदि वैदिक विद्वान्‌हरूले अर्थ गरेको ठीक हो भन्न सकिन्छ।

ऋग्वेदको रूद्र देवता पनि पशुधनको रक्षक, औषधी-लतावीरूधका देवता रोग व्याधिका नाशकको रूपमा पशुपतिको नाउले पुकारिन्थे। यजुर्वेद को १६ अध्यायमा रूद्रीभनिने शिवजीको स्तोत्ररूप १ अध्याय पूरैछ। त्यसमा पशुका संरक्षक रुख लता पातको रूपभएका, जटाधारी र कहिले-काहीं मुण्डितशिर भएका, चोर तस्कर लुटेराका पनि इष्टदेव भएका नीलकण्ठ नीलो गलाहुने सेतो घांटीहुने कैलो केशहुने शिवलाई नमस्कार गरिएका मन्त्रहरूछन्। रोगवाट बचाऊ, भएवाट बचाऊ बूढालाई, तरूणलाई, तथा बालक र गर्भलाई पनि रक्षागर भनेर प्रार्थना गरिएका मन्त्रहरू नै यजुर्वेदमा पनि पाइन्छ।

वेदको अनुशीलन गर्ने पश्चिमी विद्वान्‌हरूले आर्यहरूले शिवलाई

गौण रूपमा मानेका थिए पछि मात्र मूख्य देवताको रूपमा आए भनेर पनि लेखेका छन् । उनीहरूले बुझनु पर्ने कुरा के थियोभने—ऋग्वेदमा संकलित मंत्रहरू अध्यात्म परक छन् । आध्यात्मिक र आदिदैविक अर्थमा पछिका वेद मंत्रहरूले विशेष व्याख्या गरेका शिव सूर्यरूपमा मानिन्थे । भौतिक पक्षका संरक्षक रूद्र वा पशुपतिलाई भौतिकपक्षकै प्रार्थनामा मात्र उल्लेख गरेकाछन् ।

आदिम युगमा प्राकृतिक देवताहरूलाई मान्ने अनार्यहरूले पनि शिवलाई मान्दथे । जस्तै गंगा नदीलाई प्रमुख मान्ने गंगाकिनारका वासीहरू, महादेव मान्ने किरांतीहरू, नागको पूजागर्ने नागजातिहरू, विश्वव्यापक सूर्यको रूपमा र पशुका संरक्षकको रूपमा मान्ने आर्यहरू सबैको लागि "शिव" आराध्य इष्टदेव थिए ।

अरू जातिको समन्वयात्मक इष्टदेवताको रूपमा शिव के देखिन्छन् भने सौम्य तेजस्वी लडाका मूर्ति (आर्यहरूको) शिरमा गंगाहुने गंगापूजकहरूको नागको माला लगाउने नागजातिको शिरमा चन्द्रमाधारण गर्ने (लतावीरूधका देवता सोमको उपासना गर्ने) आर्य तथा यक्षगन्धर्वको बाघको छाला लगाउने र हात्तीको छाला ओड्ने (सिंह व्याघ्र गज आदि इष्ट देवता मान्ने आनार्यहरूको) सारा प्रतीक बोकेर जाति समन्वय र धर्म समन्वयको ज्वलन्त प्रतीकको रूपमा पशुपतिको मान्यता उत्तर वैदिककाल देखिनै चलेको पाइन्छ । आर्यहरूकै वैदिक देवता रूद्र, रूप पशुपतिमानै सर्वतोभावेन अन्य अनार्य जातिहरूको पनि समन्वय पाइएकोले भगवान् पशुपति आदिमानव समूहका सर्वमान्यपिता जाति र धर्मसमन्वयका अग्रणी र सृष्टि, स्थिति, लय, का महेश्वरको रूपमा आदिकाल देखिनै पूजित हुनु भएको छ ।

यसकारण वैदिककालकै छेउछाउ नेपाल प्रवेश गर्ने गोपालहरू, पहिलेका नागहरू, गोपालपछि आउने किरात र किरातकै समयमा उपत्यका भित्र पस्ने आर्यशाखाहरूले इष्टदेवको रूपमा भगवान् पशुपतिलाई मान्दै आएकोले माहाभारत कालमा पशुपति शिवरूपको ख्याति सारा भारत वर्षमा फैलिएको थियो । शिव, हिमालय प्रदेशका आदि देवता हुन् । हिमालयमा बस्ने जातिहरूनै प्राय: शैवछन् । शिवकै साथमा भगवती गुह्येश्वरीको उपासना पनि गरिन्थ्यो । जसलाई नेपालको इतिहासलाई बुद्धका पक्षतिर लैजान खोज्ने वंशावलीकारहरूले पनि गुह्येश्वरीलाइ बिर्सन सकेनन् ।

क्रमश:—

माया–प्रपञ्च

–ध्रुवप्रसाद रिमाल

कुनै एक कुटीमा एक श्वामी र उनका शिष्य (चेला) रहेका थिए। ती गुरू र चेला संसारिक मोह जाललाई त्यागी वैरागपूर्ण जीवन गुजारी रहेका थिए। गुरू जी सधैं नै श्रीमद् भगवत् गीताका बारे आफ्ना शिष्यलाई बताउने गर्थे। अर्थात् उनमा गीताप्रति सारै स्नेहथियो। त्यसैले उनले आफ्नो शिष्यलाई त्यही गीता अध्यापन गराउँथे। यसरी उनले आफ्नो शिष्यलाउ श्री मद् भगवत् गीता पहिलो अध्याय देखि सत्रौ अध्याय सम्म पढाइ सके पछि अकस्मात् उनलाई तीर्थाटनको इच्छा हुन-गयो। आँटे पछि तत्कालै गरि हाल्ने उनको बानी हुँदा चेलालाई त्यसै कुटीमा एक्लै छाडेर तीर्थाटनकालागि प्रस्थान गरि हाले।

उता गुरूले आफुलाई छाडेर गएतापनि गुरूको अमर सन्देशको पालनागर्दै ती शिष्य पनि त्यही गीताको अध्ययनमानै लीनभए। एक दिनको कुरा हो अकस्मात् उनले अध्ययन गर्नेगरेको गीताको पुस्तकको पहिलो पाना मुसाले काटीदियो, तरपनि त्यसको कुनै ख्याल उनले गरेनन्, गीता अध्ययनमा उनलाई केही बाधा परेन। तर त्यसको दोश्रो दिन अर्थात भोलिपल्ट फेरी मुसाले उक्त पुस्तकको पानै काटी दिँदा उनलाई सारै दुःखलाग्यो। कारण, कत्ति मेहनत गरि लेखिएको हस्त-लिखित पुस्तक पुनः छुट्ट पाउन मुस्किलपर्दथ्यो, त्यसैले सो पुस्तक बचाउ गर्नका लागि उनले बिरालो पालनथाले।

बिरालोत पाले, तर बिरालो सुखा रोटी तथा सागपात खान मन पराउदैनथ्यो, जसले गर्दा ती शिष्यलाई भिक्षाको साथै दुध समेत माग्नुपर्ने भयो। तर, भिक्षाको साथै दूध मागनपनि कठिनाईहुने र भिक्षा दिनेले पनि अल्कन्याउने गरेकोले तिनले आफ्नै कुटीमा गाई पाल्ने निधो गरी गाई पाल्न थाले। गाईत ल्याए तर उनको सारा समय गौ

सेवामै बित्न थाल्यो । हुँदा हुँदै गाईको बथान बढ्दैगयो ।

अब उनलाई भिक्षा माग्न जानुको सट्टा कुटी वरिपरि यसैरहेको फाल्टु जमीन कोतरी खेती गर्ने विचार उठ्यो । त्यसैंगरे । यता गौ सेवा, उता खेती, दुवै काम गर्नु पर्दा उनलाई खानाबनाउने फुर्सद समेत पाउन मुस्किलपर्‍यो । कहिले बनाउन भ्याउथे कहिले भ्याउदैनथे । यस्तै-हिसाव बाट उनको दिन बित्न थाल्यो । तर उनको कुटी नजीकैको एक जना एक्ली विधवा स्त्री रहन्थिन् र ती विधवा उनको कुटीमा आई उनको परि आएका काम गर्दिन्थिन् ।

एक दिनको कुरा हो, उक्त विधवा महिलाले उनीसंग पुकारागर्न लागिन् "महाराज ! मेरो घरमा कोहीपनि छैनन्, म अबला नारीको उद्धारगर्नु हवस्, म हजुरकी दासी बनेर यसै कुटीमा बस्नेछु । यदि हजुरको कृपाभएमा म यहीबसेर हजुरको जो परिआएको काम पनि गरि दिन्छु । यसमा हजुरको केबिचार ?"

उनले इच्छा नहुदा नहुदै पनि कामको कारणवश अनुमति दिए । ती विधवापनि त्यसै कुटीमा वसी जो परि आएको कामपनि गर्दथिन् र ती साधुको चरणसेवा पनि गर्दथिन ।

यस्तो क्रममा ती साधुका गाइको वंश वृद्धि हुनाका साथै उनका सन्तानपनि बढदैगए । अबत ती पुरै गृहस्थीभइसकेका थिए । उता गुरुजीकोपनि तीर्थयात्रा पूराभएकोले उनी फर्केर आएकाबखत आफ्नो शिष्यलाई आफूले गीताको सत्रौं अध्यायसम्म मात्र पढाएको कुरा ख्याल भयो । उनले अठारौ अध्याय त पढाउननै पाएकाछैनन् । यस्तै सोच्ता सोच्तै उनी आफ्नै कुटीमा आइपुग्छन् । तर कुटीको रङ्ग रोगन नै भिन्नै आफुले एक्लै छाडेर गएको त्यस्तो ज्ञानी शिष्य को त ५-५ भाई छोरा पो भइसकेछन् । यस कुराले उनलाई आश्चर्यलागेरआगी र आफ्नो शिष्यलाई भने "हँ; तिमी त कस्तो मायामा फसेछौ । योत सब माया जाल हो, प्रपञ्च हो यसलाई त्याग्नु पर्दछ ।" गुरूको कुरासुनेर शिष्यले भन्छन् "गुरूजी, मत छोडन चाहन्छु तर यी छोरा-पत्नी छोड्न चाहदैनन् ।फेरी मैले त यो सब चाहेकोपनि कहाँ हो र मेरो योगाभ्यासमा बाधा पुऱ्याउन मलाई मायाले घेरिदिइन । त्यसैले, गुरूजी म के गरू ?" शिष्यको कुराको कुनै प्रत्युत्तरैनदिइ थकाइ लागेकोले पर्लट्ट पल्टनु भयो । तर उहाँका मनमा

आफ्नो शिष्यको कमजोडिपना देखेर सारै दयालागीरहेकोथियो, त्यसैले भोलि पल्ट अज्ञानले ढाकेका आफ्ना शिष्यलाई सम्झाउँनका खातिर यौटा रूखलाई दुईहातले अँगालोमारेर भन्नलानुभयो "भाइहो ! मलाइ रूखले-बाँध्यो , बचाउ ! बचाउ ! !" भनेर जोड संग। उहाँका ती शिष्यले यो कुरा सुनेर आश्चर्यमान्दै, हास्दै भने "गुरु ! कतै तपाई पागल त हुनु भएन ? रूखलाई अंगालोमारेर बस्नुभएको छ अझ भन्नु हुन्छ "रूखले बाध्यो "? रूखले तपाईलाई बाधेकोहोइन तपाईले रूखलाई अंगालोमार्नु भएको । अंगालोखोलेर हेर्नु सत" भन्दा गुरुजीले भन्नुभयो "ठीक भन्यौ जुन कुरा तिमीले मलाई सम्झयौ नि ! सोही अनुसार "परिवारले मलाई बाधेको-होइनबरू मैले परिवारबाधेर बसेको रहेछु" भन्ने विवेक तिमीले किन गर्नसकेनौ ?

गुरूको कुरासुनेर शिष्यको होसआयो । गीताको अठारौं अध्याय-को भनाइ यही हो कि "सर्व धर्मान् परित्यज्य मामेकं शरणं व्रज । अहंत्वा सर्व पापेभ्यो मोक्ष्यइस्यामि मा शुच : । ।

अस्तु





श्री पशुपति धार्मिक–सामाजिकसेवा संघ
परिचय र गतिविधि

–संचालक समिति

१. परिचयः–

विश्वको एक मात्र हिन्दू अधिराज्य, राजसंस्थाको छत्रछायामा हुर्किएको 'नेपाल'को गौरवमय पुण्य भूमि, भगवान शिवको क्रीडास्थल पवित्रतम यस पाशुपत क्षेत्रभित्र गत २०३७ पौष २२ गतेका दिन यस संघको उदय भएको थियो । यसको उदय गर्न र गराउन प्रत्यक्षतः भूमिका निर्वाह गरी संस्थापक एवं संस्थापक सदस्य जस्तो स्थान योगट्न समर्थ यस क्षेत्रका युवाहरू निम्नानुसार रहनु भएको कुरा जानकारी गराइन्छः–

१. श्री शिवप्रसाद भट्टराई – संस्थापक
२. श्री प्रकाशचन्द्र गौतम – संस्थापकसदस्य
३. श्री गोविन्दप्रसाद लामिछाने – " "

यिनै माथि उल्लेखित युवाहरूको सक्रियतामा यस क्षेत्रभित्र जरो गाड्न सफल भएको यस संघको मूलभूत उद्देश्य देहाय बमोजिम रहेको छ—

मूलभूत उद्देश्यः–

१. परम्परागत हिन्दू धर्म तथा संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्ने, र

२. उक्त कार्यमा सफलता डासिल गर्न सेवामूलक कार्यको माध्यम अपनाई सर्वसाधारण जनमानसमा धर्म तथा संस्कृतिप्रति तीव्र आस्था र विश्वास जगाउने कार्यमा समर्पित हुनुनै वेश र एकमात्र सुगम मार्ग हुन जाने भएकोले सामाजिक सेवा गर्ने ।

वैधानिक स्वीकृतिः– उपर्युक्त उद्देश्य लिएर स्थापित यस सघले आफ्नो वैधानिक मान्यताका लागि प्रथमतः अनुमोदन एवं दर्ताको

सिलसिलामा सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद, सामुदायिक सेवा समन्वय समिति काठमाण्डौमा मिति २०३७ पौष २५ मा स्थानीय वडा समितिको शिफारिस पत्र, केही जन समूह (जसमा तात्कालीन का० न० प० ८ नं. वडाध्यक्ष श्री चन्द्रमान राज–भण्डारी समेत हुनु हुन्थ्यो)–को समर्थन नामावलीको प्रतिलिपि, सनातन धर्म सेवा समितिका तात्कालीन सचिव (हाल अध्यक्ष) प्रा. श्री खेमराज केशव शरणको "सम्मति र शुभ-कामना" पत्रको प्रतिलिपि र दुई प्रति विधान समेत संलग्न गरी आवेदन गरेकोमा उक्त समितिको धार्मिक परामर्श समितिको मिति २०३७।११।१३ को बैठकबाट समेत यस संघलाई अनुमोदन गर्ने शिफारिस भैसकेपछि पनि यस क्षेत्रका केही युवा साथीहरूले संस्थागत कारण दर्शाई बाधा–विरोध प्रकट गरेपछि यसले लिखित रूपबाट कार्य गर्ने अनुमति प्राप्तगर्न सकेन जसले गर्दा पुनः 'संस्था दर्ता ऐन २०३४' अनुसार दर्ताका लागि श्री ५ को सरकार प्र, जि. अ. का. का. मा आवेदन गर्नु पर्‍यो। तत्पश्चात् श्री ५ को सरकारको मिति २०३९।६।८ को निर्णयानुसार मिति २०३९।६।१८ मा प्र० जि० अ० का० काठमाण्डौंमा यसको विधिवत दर्ता भयो। साथै, मिति २०३८।११।१ मा पुनः "सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद ऐन, २०३४"को दफा १८ बमोजिम उक्त सा० से० रा० स० प० मा पनि दर्ता भयो, जसले गर्दा यसको भविष्य उज्ज्वल नै देखिन गएकोछ।

संचालक समिति:–

यस संघका उद्देश्यात्म कार्यको परिपूर्ति व्यवस्थितरूपबाट गर्न अन्य संघ संस्थाहरूको जस्तै यसको पनि एक संचालक समिति रहने व्यवस्था संघको विधान २०३८ ले गरेकोछ, जुन कुनैपनि संघ-संस्थाका लागि नभै नहुने हो। यस संघको संचालक समितिमा निम्नानुसारका पदाधिकारीहरू रहने व्यवस्था समेत गरेकोछ र हाल सोही बमोजिमका पदाधिकारीहरू रहनु भएकोछ––

(१) अध्यक्ष (२) उपाध्यक्ष (३) सचिव (४) प्रचार–सचिव (५) उप–सचिव, र (६) अध्यक्षद्वारा मनोनित ४ देखि ९ जवान सम्मका साधारण सदस्यहरू कार्यकर्ता सदस्य।

यस संघको संचालक समिति शुरूमा अर्थात् स्थापनाकाल

२०३७।९।२२ का दिन श्री शिवप्रसाद भट्टराईको अध्यक्षतामा गठन गरिएको थियो, जसका प्रमुख पदाधिकारी निम्न रहनु भएको थियो:--

(१) शिवप्रसाद भट्टराई — अध्यक्ष
(२) श्री सुन्दर कूँवर -- उपाध्यक्ष
(३) श्री गणेशप्रसाद शर्मा (भट्टराई)— कोषाध्यक्ष
(४) श्री प्रकाशचन्द्र गौतम -- सचिव
(५) श्री गोविन्दप्रसाद लामिछाने -- अतिरिक्त कार्यकलाप सदस्य

(उपरोक्त पदहरू संघको पुरानो विधान अनुसार कायम थिए)।

उपरोक्त पदाधिकारी मध्ये अध्यक्ष श्री शिवप्रसाद भट्टराईले संघको भलाईलाई दृष्टिगत गरी मिति ०३८/५/२३मा दिनु भएको राजीनामा स्वीकृत २०३८/२/२४मा बसेको संचालक समितिको बैठकले गरेपछि सोही बैठकको सर्व सम्मतिवाट र संघका संस्थापकवाट समेत पछि नियुक्त गरिए अनुसार श्री गोविन्द प्रसाद लामिछाने अध्यक्षमा रहनु भएको थियो तापनि यस संघले दर्ता पाईसकेपछि स्वीकृत विधान कार्यान्वयनको शिलसिलामा मिति २०३९/६/१८मा संघका संस्थापक श्री शिवप्रसाद भट्टराईको सभापतित्वमा संचालक समितिका पदाधिकारीहरू समेत रहेको एक भैठकको निर्णयानुसार पुन: श्री गोविन्द लामिछानेकै अध्यक्षतामा संन्चालक समितिको रूपाकृति फेर बदल गर्ने कार्य भयो र सो समिति नै हालसम्म कायम रहिआएको छ। उक्त समितिको रूपाकृति बदल्ने कार्य यसै संघको विधान २०३८ले दिएको अधिकार प्रयोग गरी संस्थापकवाट भएको थियो।

२. गतिविधि:-

उपर्युक्त परिच्छेदमा यससंघको मोटामोटी रूप परिचय गराउने मात्र काम भयो। अब जाऊँ हामी यससंघका अतीत देखि वर्तमान सम्मका गतिविधिहरूको रेखाङ्कन गर्न, जुन कुराका माध्यमद्वारा हामी यसको सीमित शक्ति, साधन र श्रोतका आधारमा, अझ भनौ त्यसको पूर्णत: अभावै अभावमा जकडिदाजकडिदै पनि भूतदेखि वर्तमान सम्मका यसका गतिविधि समीक्षा गरी यथार्थत: यससंघको कार्य क्षमता अनि सेवाभावको परिचय दिन दिलाउन। अनि हामी तपाईहरूको आड भरोसा र विश्वास जुटाउन सक्ने हुनेछौ। साथै तपाईहरूको माया ममता र सहयोग पाउन समर्थ हुनेछौं। हामीलाई

पूर्ण आस्था पनि छ यससंघलाई सदैव प्रेरणा, हौसला एवं जाँगर र स्फूर्ति प्रदान गर्न अनि मन वचन र कर्मले नै सहयोग गर्न गराउँ न यहाँहरू अग्रसर हुनु हुनेछ । यहाँहरूको सहयोग पाएमा अवश्य पनि हामी यससंघको माध्यम द्वारा यहा, यस क्षेत्रमा केही गर्न, धार्मिक जागरण ल्याउन तथा सेवा गर्न समक्ष बन्नेछौं । त्यसैले आह्वान गर्छौं हामी यहाहरूलाई कि यदि यहाहरू पशुपति नाथको दर्शनका लागि आउदा यस क्षेत्रको दुर्दशामा केही सुधार गर्ने अनि यस्तो पवित्र क्षेत्र भित्र धार्मिक क्रिया कलापहरू आयोजना गर्ने, धार्मिक जागरण ल्याउने खालका पुस्तक तथा पत्र–पत्रिकादि प्रकाशन गर्ने अनि यस क्षेत्रमा परभावश्यक देखिएको आध्यात्मिक सत्सङ्ग मन्दिर निर्माण गर्ने, वृहद् धार्मिक पुस्तकालय तथा वाचनालय आदि स्थापना गर्ने, धार्मिक गोष्ठी, जन भेला, धार्मिक सम्मेलन इत्यादि गर्ने जस्ता सुकार्यकालागि केही गर्नुस् गराउनुहोस् तपाईको सहयोग अमर रहनेछ । हों, त्यसैले यस संघलाई त्यस्ता कार्य गर्न जे जति सुकैको भएपनि सहयोग गर्नु होस् ।

यी माथिका कुराहरू प्रसङ्गवस आएकाहुन्, जाऊँ अव गतिविधिहरूतिर–

रुख रोप्न त सजिलै हुन्छ, तर त्यसलाई मल जलद्वारा हुर्काउन धेरै गारो हुन्छ । अर्थात् कुनैपनि यस प्रकारका संघ संस्थाहरू खडा गर्न त कुनै कठिन कार्य होइन तर त्यसलाई उद्देश्यात्मक गोरेटोमा कुदाउन अर्थात् त्यसका उद्देश्य परिपूर्तिका लागि कार्य गर्न सारैनै कठीन कुराहो ।

यसक्षेत्रमा यस्तो धार्मिक नाम र काम लिएर खोलिएका कुनै पनि संस्था यहा थिएनन् । जसको यहाँ आवश्यकता थियो । जेहोस् यो संघ अहिले आएरछुट्टै अस्तित्व बोकि उदाएको छ र यसले हालसम्म देहायका मिति- मितिमा देहायका कार्यहरू गरेको र गर्दै आइरहेको छ । तर यी कार्यहरू खास उल्लेखनीय त होइनन् तैपनि चाहे साने मात्र किन नहुन् केही गरेको छ भने त्यो जस्ताको तस्तै उतारिदिएमा ती स–साना कार्यहरूले पमि कुनै स्थूल रूप लिन सक्नेछन् भन्ने हाम्रो धारणा छ–

क. महा–शिवरात्री, २०३७ यस मेलाका अवसरमा यस संघले

प्रथमत: आफ्नो क्षेत्रको श्री शारदा नि० मा० वि० (हाल मा० वि०) भवनमा स्वयं सेवा शिविर स्थापना गरी देहायका कार्यहरू गरेको थियो–

(१) आगन्तुक यात्रुवर्गहरूमा प्राथमिक उपचार सेवा, माईकद्वारा हराएका व्यक्तिहरूको खोजी।

(२) निःसहाय यात्रुहरूलाई खानाको साथै वासको प्रवन्ध, दर्शनार्थीहरूलाई मार्गदर्शन गराउन पाम्प्लेट आदिको टाँस, श्री ५शुपति नाथको मन्दीर भित्र र अन्य आवश्यक स्थानमा स्वयं-सेवकहरूलाई खटाई पठाईएको र दर्शन गर्ने कार्यमा सुविधा प्रदान गरिएको।

(३) श्री ५ को सवारीका अवसरमा मङ्गल गायन, वैदिक शान्ति पाठ, रातमा भजन तथा संकीर्तन, प्रवचन आदि कार्यहरू प्रमुख उल्लेखनीय थिए र उक्त कार्यक्रमका लागि का० न० प० ८ नं. वडाका तात्कालीन वडाध्यक्ष श्री चन्द्रमान राज-भण्डारीको सक्रिय सहयोग मिल्नुका साथै कार्यक्रम अवलोकन पश्चात् अं० का० वा० अं० का तात्कालीन अञ्चलाधीश श्री सुन्दर प्रसाद शाहको तोकादेशवाट रू २००।- को आर्थिक अनुदान उक्त कार्यालयवाट प्राप्त भएको थियो। साथै नेपाल रेडक्रस सोसाइटी के० का० वाट केही प्राथमिक उपचारका औषधीहरू सहयोग स्वरूप प्राप्त भएको थियो।

ख. हरितालिका, (तीज) २०३८:- यस पर्वमा हिन्दू मात्रका आराध्यदेव भगवान श्री पशुपति नाथको मन्दीरमा दर्शनार्थ एवं रातमा जाग्रम वस्न आउने असंख्य महीला व्रतोपवासीहरूमा आवश्यक सेवा पुऱ्याउन मन्दीरको पश्चिम ढोका (वाहिर) सप्तमी चोकमा स्वयं सेवा शिविरको स्थापना गरी यस संघले देहायको सेवा पुऱ्याएको थियो—

(१) अकस्मात वेहोंस भइ लड्ने महीलाहरूलाई स्ट्रेचरद्वारा तत्कालै शिविरमा ल्याई अनुभवी चिकित्सकद्वारा औषधोपचार सेवा, माइकिङ सेवा, निराहार वसेका भएतापनि शुद्ध पानी भने पिउने थुप्रै महीला वर्गहरू पहीले-पहीले पिउने पानीको सुप्रवन्धको अभावमा घाटी सुकाइ वस्नेगर्दथे भने सो वर्ष यस संघको सुप्रवन्धमा मारवाडी सेवा समिति मार्फत पिउने शुद्ध पानीको व्यवस्था भएको।

(२) विछोड भइ शिविरमा रूँदै आइपुगेकी वालिकालाई घरसम्म पुऱ्याइएको।

रातभरीनै आवश्यकतानुसार आफ्ना सदस्यहरूलाई श्री पशुपतिनाथ

मन्दीर भित्र स्वयं-सेवकका रूपमा स्ट्रे चर सहीत खटाइनुका साथै पानी खान माग्नेहरूका लागि यथास्थानमा नै लगेर वितरण समेत गरिएका कार्यहरू उल्लेखनीत रूपका थिए ।

(३) उपरोक्त सेवा मूलक कार्यहरू गर्नका लागि श्री ५ को सरकार गृह पञ्चायत मन्त्रालयबाट रू ४००।- को अनुदान माननीय गृ. पं. मन्त्री श्री नैन वहादुर स्वाँर ज्यूको तोकादेशबाट प्राप्त भएको थियो भने नपुग रकम ऋणात्मक रूपबाट व्यहोर्नु परेको थियो । साथै औषधोपचार सेवा संचालनार्थ स्वास्थ्य सेवा विभागबाट एक जना अ. हे व तथा एक अ.न.मि लाई संघको अनुरोधलाई स्वीकार गरी काजका रूपमा रातभरिका लागि पत्र साथ खटाई पठाई दिएर महत्वपूर्ण सहयोग उपलब्ध गराई दिएको थियो भने नेपाल रेडक्रस सोसाइटी के. का. ले पनि केहि साधारण औषधी र ष्ट्रे चर समेतको सहयोग उपलब्ध गराएको थियो र नपुग इन्जेक्सन लगायतका औषधीहरू यस संघबाट खरीद गर्नु परेको थियो ।

ग. इन्द्र यात्रा (२०३८ भाद्र) उपरोक्त यात्रा मुख्यतः काठमाण्डौं को प्रमुख सहर बजारमा सात्रै हुने गरेको भएतापनि सो दिन साधारणतः प्रत्येक इलाकामा पनि आ-आफ्नै ढङ्गले आयोजना गरी देवराज इन्द्रप्रति श्रद्धा दर्शाउने गरिएको कुरा सर्व विदितै छ । सोही अनुरूप यस क्षेत्रमा पनि यस संघका अध्यक्ष गोविन्द प्रसाद र सा. स. धनको सक्रिय सहयोगमा इन्द्रको प्रतिमा सजाईएको सानो रथमा राखी वाजा गाजा सहीत क्षेत्र परिक्रमा गराई भव्य रूपले सम्पन्न गरिएको थियो र यस कार्यक्रमका लागि भने यस संघले कुनै आर्थिक दायित्व वहन गर्नु परेको थिएन ।

घ. शुभ-जन्मोत्सव (२०३८।७।२२) :- श्री ५ वडामहारानी ऐश्वर्य राज्य लक्ष्मी देवी शाह सरकारको ३३ औं शुभ-जन्मोत्सव श्रद्धा एवं भक्ति पूर्वक मनाउने सन्दर्भमा देहायका कार्यहरू गरी तीन दिनसम्म यस संघले मनाएको थियो--

(१) श्री पशुपति नाथमा पूजा र जलाभिषेक सहित रूद्री (रूद्राभिषेक) पाठ एवं गुह्येश्वरीमा पूजा सहित दुर्गा सप्तशतीको पाठ, मङ्गल पाठ, चिरायुकामना, सर सफाई, विभिन्न देव-देवालय तथा मन्दीरहरूमा दीप प्रज्वालन, भजन, प्रवचन, संकीर्तन ।

(२) दीर्घायु तथा अटल सौभाग्यको कामना सहीत अनाथ बाल-बालिकाहरूमा मिठाई तथा साधु सन्तहरूलाई प्रसाद वितरण आदि कार्यहरू सुसम्पन्न गरिएका थिए ।

ङ. बाला चतुर्दशी– २०३८ बाला चतुर्दशी (शतबीजा रोपण) मेलाका अवसरमा आफ्नो आर्थिक कठिनाईको कारण स्वयं सेवा शिविर स्थापना गर्न नसकेता पनि निम्न लिखित कार्यहरू गरेर यस संघले आफ्नो सेवा भावको परिचय दिएको थियो––

(१) श्री पशुपति नाथको दर्शनार्थ आएका यात्रुहरूलाई सुविधासाथ दर्शन गर्न पाउने प्रवन्धका लागि स्वयं सेवकका रूपमा संघका सदस्यहरूलाई खटाईएको ।

(२) विभिन्न स्थानमा यात्रुहरूलाई मार्गदर्शन गराउने कार्य गरिएको ।

(३) ठण्डी निवारक आवश्यक औषधीहरू लिएर आफ्नो क्षेत्रका कैलाश आदि स्थानमा वत्तीवाली वसेका यात्रुहरूलाई सोध पुछ गर्दै औषधी वितरण गर्दै उनीहरूलाई पर्न गएका असुविधाहरूकावारे आफुले गर्न सक्ने सहयोग पुऱ्याउँदै संघका सदस्यहरू रात भरिनै घुमीरहेका थिए ।

च. शुभ–जन्मोत्सव– राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारको ३७ औं शुभ जन्मोत्सव भव्य एवं हर्षोल्लासका साथ मनाउने क्रममा यस संघले पनि निम्न लिखित कार्यहरू गरेर श्रद्धा एवं भक्ति पूर्वक तीन दिनसम्म मनाएको थियो––

(१) वृहत्प्रार्थना सभा, विचार गोष्ठी, श्री पशुपति नाथमा जलाभिषेक र पूजा सहीत रूद्रि पाठ, गुह्येश्वरीमा पूजा सहीत दुर्गा सप्तसती पाठ, मङ्गल पाठ, चिरायु कामना ।

(२) धार्मिक प्रवचन, भजन संकीर्तन, दीपावली र मिठाई वितरण आदि । यी कार्यक्रमका लागि शुभ जन्मोत्सव समारोह समितिवाट रू २००।– सहयोग स्वरूप प्राप्त भएको र नपुग रकम संघले व्यहोरेको थियो ।

छ. महा–शिवरात्री २०३८– महा-शिवरात्री, २०३८ का अवसरमा गत २०३७ साल झैं आफ्नो सेवा भाव प्रकट गर्दै यस क्षेत्रमा अवस्थित श्री पशुपति नाथको दर्शनार्थ आएका स्वदेशी तथा मित्रराष्ट्र भारतवाट

आएका हजारौं यात्रुहरूमा आवश्यक सेवा पुऱ्याउन यस संघले श्री पशुपति, वासुकी मन्दीर छेउ रहेको वद्री नरसिंह सदावर्त गुठी कार्यालय भवनको तल्लो एक कोठामा स्वयं सेवा शिविर स्थापना गरी गत साल जस्तै सेवा मूलक कार्यहरू सम्पन्न गरेको थियो ।

ज. श्री कृष्ण जन्माष्टमी (२०३९)– यस जन्माष्टमीको पावन मर्यादा र भगवान योगेश्वर श्री कृष्ण प्रतिको अगाध आस्था र दृढ भक्तिको भाव दर्शाउदै यस महान पुण्यमय दिनमा यस संघको सक्रियतामा स्थानीय जन सहयोग जुटाइ उल्लासमय वातावरणमा मनाईयो । उक्त कार्यक्रम स्थानीय वत्सलेश्वरी मन्दीर पछाडी अथात वागमती पारी पुलसंगै रहेको दाउरा गुठी सत्तलमा आयोजना गरिएको थियो । रङ्गी विरङ्गी ध्वजा पताकाहरू एवं फूल मालाद्वारा भव्य रूपले सजाईएको उक्त सत्तलमा विभिन्न प्रकारका इश्वरीय लीलाका इश्वरीय चित्रहरूको प्रदर्शनी, श्री कृष्णको प्रतिमा स्थापना एवं सामुहीक रूपमा पूजा आराधना, मुग्ध कण्ठले सामुहीक स्वरमा आरती गान, धार्मिक प्रवचन, समूहगत भजन संकीर्तन र प्रसाद वितरण जस्ता आकर्षक प्रेरणाप्रद कार्यक्रमहरूका अतिरिक्त रातभरिनै भजनादि गरी जाग्रम वसेर भोलिपल्ट अर्थात नवमीका दिन सजाईएको एक भव्य आकर्षक रथमा भगवान श्री कृष्णको प्रतिमा राखी वाजा गाजा सहीत यस क्षेत्रको परम्परानुसार शोभा यात्रा गरी ताम्रेश्वर इत्यादि परिक्रमा गराई श्री पशुपति मन्दीर भित्र समेत परिक्रमा गराई पुन: सोही सत्तलमा पुऱ्याई विसर्जन गरिएको थियो ।

झ हरितालिका (तीज)– २०३९ सालको हरितालिका (तीज) पर्वका अवसरमा आफ्नो विगत सेवा मुखी कार्यको झझल्को संगाल्दै पुन: यस संघले उक्त पर्वमा श्री पशुपति नाथमा व्रतोपवासकालागि आएका महीला व्रतोपवासीहरूमा आवश्यक सेवा तथा सहयोग पुऱ्याउन पूर्ववत् (गएको वर्ष जस्तै गरी) आफ्नो स्वयं सेवा शिविर स्थापना गरी सोही किसिमवाट महत्वपूर्ण सेवा उपलब्ध गरायो। उक्त कार्यक्रम प्रति ठूलो अभिरूचि र प्रशंसा देखाउदै त्यस वर्ष पनि श्री ५ को सरकार गृह मन्त्रालय वाट रू ३००। को अनुदान सहयोग उपलब्ध भएको थियो ।

ञ इन्द्र यात्रा– २०३९ सालको इन्द्र यात्रा गत साल झैं यस संघको आयोजनामा स्थानीय जनताको सक्रिय सहयोग जुटाई सुसम्पन्न भयो।

देवराज इन्द्रको प्रतिमालाई एक पाङ्ग्रा सहीतको सजाईएको रथमाराखी स्थानीय श्री अमर कान्तेश्वरबाट वाजा गाजा सहीत निकालिएको उक्त रथलाई क्षेत्रको यात्रा परिक्रमाको स्थीति रीति र परम्परानुसार ताम्रेश्वरादिको परिक्रमा पश्चात् सोही ठाउँमा लगी विसर्जित गरिएको थियो ।

ट. शुभ जन्मोत्सव– श्री ५ बडामहारानी सरकारको ३४ औं शुभ जन्मोत्सवको महोपलक्ष्यमा गत साल जस्तै यस संघले निम्न कार्यहरू गरी श्रद्धा एवं भक्ति पूर्वक तीनदिनसम्म मनाएको थियो––

(१) सरसफाई, इश्वरीय प्रार्थना सभा, श्री पशुपति नाथ र गुह्येश्वरीमा क्रमश: जलाभिषेक एवं पूजा सहीत रूद्री पाठ दुर्गा सप्तसती पाठ, मन्दीरहरूमा दीप प्रज्वालन, भजन संकीर्तन, अनाथ वाल वालिकाहरूलाई मिठाई वितरण, मङ्गल घोष, दीर्घायु तथा अटलशौभाग्यको कामना इत्यादि ।

ठ. वाला चतुर्दशी (शतवीजा रोपण)– २०३९ सालको यस मेला पर्वका अवसरमा यस क्षेत्रमा आफ्ना स्वर्गवासी माता–पिता एवं स्वजनको स्मृतिमा उनीहरूका मुक्तिका लागि भन्ने कामना राख्दै रातमा वत्ती वालेर वस्न आएका यात्रुहरूमा आवश्यक सेवा पुऱ्याउन यस संघले स्वयं सेवा शिविरको स्थापना गरी देहायका कार्यहरू गरेको थियो––

(१) प्राथमिक उपचार सेवा, मार्गदर्शन, माइकिङ सेवा, स्वयंसेवक सेवा इत्यादि । यस कार्यक्रमका लागि का न.प ८ नं वडाका न०स०स० द्वय श्री आशालाल महर्जन र श्री श्रीराम साहु 'खल' वाट क्रमश: रू १००।– र रू ५०।– को व्यक्तिगत सहयोग प्राप्त भएको थियो र अरू संघले व्यहोरेको थियो ।

ड. शुभ जन्मोत्सव– राष्ट्रनायक श्री ५ महाराजाधिराज सरकारको ३८ औं शुभ जन्मोत्सवको महोपलक्ष्यमा यस संघले आफ्नो राजा प्रति श्रद्धा विश्वास र भक्ति दर्शाउदै देहायमा लेखिएका कार्यहरू गरी भव्य एवं उल्लासमय रूपमा तीन दिन सम्म मनायो

(१) बृहत्प्रार्थना सभा, विचार गोष्ठी, श्री पशुपति नाथमा जलाभिषेक र पूजा सहीत रूद्री पाठ एवं गुह्येश्वरीमा पूजा सहीत दूर्गासप्तशती पाठ ।

(२) बाल बालिकाहरूमा मिठाई वितरण, इश्वरीय प्रार्थना सभा, मङ्गल गायन, चिरायू कामना आदि, र

(३) उपरोक्त कार्यक्रमका अतिरिक्त पहिलो पटक यस संघले उपत्यका व्यापी प्रतियोगितात्मक भक्ति संगीत कार्यक्रम २०३९ पौष १५ का दिन आयोजना गरेको थियो। काठमाडौं उपत्यकाका विभिन्न भजन मण्डली र भजन गायक कलाकारहरूले भाग लिएको उक्त प्रतियोगितामा विजयी भजन मण्डली र भजन गायक कलाकारहरूलाई यस संघद्वारा मिति २०३९ पौष २२का दिन स्थानीय वत्सलेश्वरी (दाउरा गूठी) मा आयोजित एक समारोहका विच माननीय सामान्य प्रशासन सहायक मन्त्रीश्री कृष्णप्रसाद उप्रेतीले पुरस्कार तथा प्रमाण–पत्र वितरण गर्नु भएको थियो। उक्त प्रतियोगितामा निम्न लिखित भजन मण्डली र भजन गाएक विजयी घोषित भएका थिए:–

(क) श्री शीतला भअन मण्डल, बालाजु–प्रथम

(ख) श्री माधवलाल श्रेष्ठ, वानेश्वर–द्वितीय

(ग) श्री कृष्ण बहादुर मानन्धर, सीता पाईला, काठमाडौं—तृतीय

(घ) साथै सान्त्वना पुरस्कारका सागि छानिनेहरूमा सर्व श्री शान्ति शाह, नारायणप्रसाद उपाध्याय र मछिन्द्र राज-भण्डारी हुनु हुन्थ्यों।

उपरोक्त भक्ति संगीत कार्मक्रमका लागि पहीलो पटक श्री सामुदायिक सेवा समन्वय समितिवाट रू.५००/– अनुदान स्वरूप प्राप्त भएको थियो भने शुभ-जन्मोत्सव समारोह समितिवाट रू.२००/– र का. न. प. ८ नं. वडा समिति वाट रू.२००/–को सहयोग प्राप्त भएको थियो। बाँकी नपुग रकम संघले व्यहोरेको थियो।

ढ. महा शिव रात्रो:–२०३९ महा शिवरात्रीका अवसरमा साविक-झैं यस संघले आफ्नो नाम मात्रको कार्यालय दाउरा गुठी सत्तलको वरण्डामा स्वयं सेवा शिविर स्थापना गरी आगन्तुक यात्रु वर्गहरूमा प्राथमिक उपचार स्वयंसेवक माइकिङ सेवा आदि सेवामूलक कार्यहरू गरेकोथियो। उक्त संघको स्वयं सेवा शिविरमा महा शिवरात्री मेला प्रवन्ध समितिको सिफारिसमा नेपाल विद्युत कर्पोरेशनवाट बत्तीको लाईन जडान गरि दिएर सहयोग पुऱ्याएको थियो भने स्वास्थ्य सेवा विभागवाट केही औषधीहरू सहयोगार्थ प्राप्त भएका थिए। तर उक्त शिवरात्री मेला प्रवन्ध समितिवाट स्वयं सेवकहरूका लागि भनेर यस का. न. प. ८ नं. वडाका अध्यक्ष हस्ते दिएको

रकम खँ; कस्को हात पर्न गयो त्यो हाल सम्मपनि यस संघले थाहपाउन-सकेको थिएन, तर हालै मात्र वडाध्यक्षज्यूबाट सो रकमका वारे यस संघले सोद्धा उहाका अनुसार सो रकम दिउँला भनेर एहाकै एउटा तथाकथित संस्थाका एकजना युवा कार्यकर्तालै "म दिन्छु" भनि लिएको थियो भन्ने कुरा वताउनु भएको छ ।

ण दिवस:- श्री ५ त्रिभुवन जयन्ती तथा ३३औं प्रजातन्त्र दिवस का अवसरमा ३ दिन सम्म निम्नाङ्कित कार्यक्रमहरूको आयोजना गरी यस संघले मनाएको थियो ।

(१) सर सफाई, वृहत् इश्वरीय प्रार्थना सभा, विचार गोष्ठी, धार्मिक प्रवचन, मङ्गल पाठ र दीपावलीका साथै वाल वालिकाहरूमा मिठाई वितरण आदि । यो कार्यक्रमका लागि समारोह समितिवाट रू. १५०/- मात्र अनुदान प्राप्त भएको थियो ।

त. विविध कार्यहरू:-उपर्युक्त कार्यक्रमहरू प्रष्टत: देखिएका थिए भने अप्रत्यक्ष रूपवाट अन्य विविध कार्य तर्फ यसले के गऱ्यो, गर्दैछ सो वारेमा पनि यहा उल्लेख गर्नु मनासिवछ; जुन यी थिए:-

(१) श्री कृष्ण जन्माष्टमी २०३८ मा सनातनधर्म सेवासमिति द्वारा वेद विद्याश्रम, वनकालीमा आयोजित पञ्चदिवसीय विशेष कार्यक्रममा सहयोगार्थ र शोभा यात्रामा समेत संस्थागत रूपवाट भागलिन पत्रद्वारा आमन्त्रण गरिए अनुसार यस संघले सो कार्यक्रममा स्वयंसेवा कार्यको सहयोग पुऱ्याउनुका साथै श्रीकृष्ण जन्माष्टमीका दिन काठमाण्डौं नारायण-स्थान वाट निस्किएको भगवान श्री कृष्णको शोभा यात्रामा संघका तर्फवाट भाग लिईएको थियो ।

(२) वाल्मीकि जयन्ती २०३८-यस अवसरमा यससंघका तर्फवाट कवि सम्मेलनमा भाग लिन वाल्मीकि जयन्ती समारोह समिमि त्रिवेणी धाम, नवलपरासीको शुभ आमन्त्रणामा संघका तर्फवाट यस संघका संस्थापक एवं संरक्षक श्री शिवप्रसाद भट्टराईको नेतृत्वमा दुई सदस्यीय प्रतिनिधि मण्डल त्यसतर्फ अर्थात वाल्मीकि आश्रम त्रिवेणी धाम, नवलपरासी तर्फ गई सो सम्मेलनमा भाग लिई फर्किएको थियो ।

(३) शव समाधि २०३८-महा-शिवरात्रीमा श्री पशुपति नाथको

दर्शनार्थ आएका यात्रुवाहक एक मोटर (जो सिरहावाट आईरहेको थियो) दुर्घटना ग्रस्त हुँदा सो मोटरमा रहेका यात्रुहरू मध्ये ७ जवानको मृत शरीर (लास) दाह संस्कार गर्न केही नभएको भनी यस संघमा जानकारी प्राप्त भएपछि संघको आर्थिक स्थिति समेत दयनीय भएको कारण ती लासहरूलाई समाधिष्ठ गराउन सम्वन्धित व्यक्तिहरूको मञ्जुरी रहेकोले यस संघ परिवार बाट स्थानीय युवा साथीहरूको सहयोगमा तिनलाई समाधिष्ठ गराएको थियो।

(४) स्वयंसेवा–मिति २०३८/६/३०का दिन यसक्षेत्रको श्री वेद विद्याश्रम, वनकालीमा "श्री चन्द्रशेखरेन्द्र परिशीलनी समिति काष्ट-मण्डप नेपाल"द्वारा आयोजित श्री ५ महाराजाधिराज सरकारका वाहुलीबाट विमोचित "श्री चन्द्र शेखरेन्द्र ग्रन्थ विमोचन समारोह"मा आवश्यक सुप्रवन्ध एवं स्वयं–सेवा आदि कार्यका लागि बोलाईएको हुँदा यस संघले स्वयंसेवकहरूको समेत सेवा उपलब्ध गराएको थियो, र उक्त सहयोग पुऱ्याए वापत त्यस समारोहको कार्यक्रम पुस्तिकाको "कृतज्ञता निवेदन" अन्तर्गत यस संघको समेत नामाङ्कित गरिएको थियो।

(५) उपचार– उपरोक्त प्रकरणहरूमा लेखिएका कार्यहरू वाहेक यस संघले विभिन्न मेला पर्वका लागि भनी स्वा. से वि. लगायतबाट सहयोग स्वरूप प्राप्त औषधीहरू (वचेका(द्वारा यस क्षेत्रका विभिन्न परिवार एवं विभिन्न मितिमा अपरझट् चोट पटक लागेकाहरूमा समेत तत्कालै उपचार गराउदै आइरहेको र यो क्रम अद्यापि चली आएकै छ। तर यस संघको कार्यालय एवं अन्य साधनहरूको अभावमा त्यस्ताको के कति उपचार भयो सो को लगत राख्न भने कठिनाई परी रहेको छ र आगामी दिनहरूमा भने यस सेवालाई वढी व्यापकता दिई सुव्यवस्थित रूपले अगाडि बढाउदै लैजाने यस संघको नीतिगत धारणा रहि आएको छ।

प्रिय पाठकवृन्द, यस शैव भूमिका माध्यमबाट यस पटकलाई यसको जानकारी यत्तिनै सीमित राख्ने हामी वाध्य भएका छौं। त्यसैले हामी अन्त्यमा यहाहरू समक्ष के निवेदन गर्न चाहन्छौं भने "हामी सबैको मन जहिले-पनि सद् विचारतिर मोडियोस, हाम्रा विचारहरू जहिले पनि उच्च भावना द्वारा परिचारित हुन्, हाम्रा हातहरू जहिले पनि सत्कर्मतिर अभिप्रेरित-

हुन् र ती धर्मका प्रतिपादक शास्त्रद्वारा निर्देशित हुन्, मानव प्राणीको सर्वोत्तम निधि उसका धर्म र संस्कृतिको संरक्षण एवं सम्बर्द्धन तथा मानवले गर्न सक्ने महान्तम कार्य "सेवा"मा हामी सदैव सक्रिय र संलग्न रहिरहन सकौं।"

यिनै भनाइका साथ, यहाहरूको सहयोग एवं प्रेरणाको अपेक्षा राख्दै संघको परिचय एवं गतिविधि सम्बन्धी चर्चा अहिलेलाई यत्तिनै ।

—जय श्री पशुपति नाथ !







"धार्मिक जागरणमा युवा सहभागिता"

- हिरानन्द तिमल्सिना

"यदि कोही मानिसले आफूलाई नै सुधार गर्न सक्तैन भने उसले अरूको के सुधार गर्ला?"

—कन्फ्यूसियस्

यस दृश्यमान जगतमा विद्यमान हरेक जीव-जन्तु वनस्पती आदि प्रकृतिका अनुपम उपहारहरू हाम्रो सामु प्रत्यक्ष छन्। कहिले वसन्तको आगमनले रुख एवं लहराहरूले पल्लवित तथा पुष्पित हुने सुअवसर प्राप्त गर्दछन् भने कलियुगीमानवका प्राणाधिष्ठाता अन्नहरू पनि हरिया फाँटहरूमा लहलहभई वुभुक्षित मानव-मनका आर्तनादहरूलाई शान्त्वपार्न वायु वेगसंगै खुशीका शब्दहरू मानिसका कर्णारन्ध्रमा ठक्कर दिन पुग्दछन्। पहिले नववधूका गहनाले झैं शोभा पाएका ती वृक्षहरू शिशीरमा गएर विधवा स्त्री जस्तै हुन पुग्दछन्। एवंरीत्या प्रत्येक चीजहरूलाई सञ्चालन गर्ने एक तत्त्वछ, त्यो हो ईश्वर एवं धर्म। धर्म भन्नाले केवल सांप्रदायिक भेदभाव राखिने धर्म भनेको होइन, यहाँ स्वकर्तव्य भनेको हो। अर्थात् सूर्यको धर्म हो प्रकाश पुञ्ज छरी यावत् जीवात्मामा ज्ञानको उत्प्रेरणा दिनु, जुन प्रकाशपुञ्ज नपाएमा अन्न एवं लताहरू बढ्न असमर्थ हुन्छन् भने मानवहरू आँखा भएका अन्धा हुन पुग्दछन्। त्यस्तै प्रकृतिको धर्म हो, ऋतु परिवर्तन गराई पृथिवी-लाई सुव्यवस्थित एवं उर्वरा बनाई हरप्राणीमा प्राणीत्वको अन्तर्निहित भावनाको उद्वोधन गर्नु। दिन-रातको कामहो, मानवहृदयमा उत्प्रेरणाको छाप बसाई "उत्थातव्यं जागृतव्यं"को पाठ पढाउनु र आराम दिन्नु। त्यस्तै प्रकारले मानव धर्महो, परोपकार गर्नु, हिताहित छुट्याउनु र आफ्नो कर्तव्य पालन गर्नु। एवंरीत्या विश्व-ब्रह्माण्डमा जति चीजहरू छन्, तिनका आ-आफ्ना धर्मछन् र तिनै धर्मद्वारा नै प्रत्येक वस्तुहरू अभिप्रेरित भइरहेका-हुन्छन्। वसन्तऋतु आफ्नो याममा उपस्थित हुन पुग्दछ भने वर्षाऋतु वृष्टिगराइ धान फलाउन पछि हट्दैन। शिशीरले तुषारापात गराई संपूर्ण

वृक्ष-लताहरूलाई निष्पन्न पारिदिन्छ भने शरद्ले फलफूल पकाएर जनसमक्ष पुऱ्याउनेकाम गरेको हुन्छ । अतः यी प्रत्येक वस्तुहरूमा आ-आफ्ना नियम एवं धर्ममा निष्ठ छन् । कहिल्यै आफ्नो काम बिर्सदैनन् ।

अब प्रश्न उठ्छ धार्मिक जागरण भनेको के हो र यो किन आवश्यक छ ? धर्मद्वारा प्रतिपादित मार्गको अवलम्बन गरी हरतहरबाट कसैलाई दुःख कष्ट नदिई सँधै हितचिन्तक एवं पथप्रदर्शक व्यक्तिलाई धार्मिकको संज्ञा दिइन्छ भने त्यस कार्यमा (धार्मिक कार्यमा) प्रवृत्तहुने कामलाई जागरणको नाम दिइन्छ । जस्तो रात्री-जागरण भन्नाले निद्रादेवीलाई पन्छाएर रातभर आँखा धिपिक्क नगरी जुन तपस्यापूर्ण स्थितिमा आफ्नो मनलाई अडिग बनाई रात यापनगरी कार्य सफलीभूत पारिन्छ, त्यसरीनै धार्मिक जागरण भन्नाले धर्ममा आइपर्ने विघ्नबाधाहरूलाई पन्छाएर त्यसलाई कसरी सुरक्षित पार्ने भन्ने तर्कलाई हृदयङ्गम गरी त्यसको सफलता र रक्षागर्नु तथा त्यसमा आफ्नो जाँगर, जोश देखाई त्यसलाई फुलाउनु, फलाउनु र अरुलाई चखाउनु धार्मिक जागरणहो । यस कार्यमा प्रमुख हात युवाहरूको हुन आउँछ, जुन उनीहरूको कर्तव्यनिष्ठता, लगनशीलता एवं वैचारिक विशुद्धताले गर्दा सफल बन्न पुग्दछ । जसरी पानीका एकएक थोपाद्वारा खोला, नदी बन्दै समुद्रको निर्माण हुन्छ, त्यसरी नै मानव शुक्रकीट, भ्रूण, शिशु हुँदै युवा बन्न पुग्दछ । ह्वेल माछाको जीवन समुद्र भए झैं मानवको भविष्य निर्माता युवा नै हो । युवावस्था एक यस्तो श्रेणी हो जसबाट मानिसको उत्थान एवं पतन दुवैहुन-सक्छ । जस्तो जरा नराम्रो भएको बिरुवा फष्टाउन सक्तैन, त्यस्तै खराब आचरण र आफ्नो कर्तव्य नसम्झने युवा पनि पल्लवित हुन सक्तैन । किनकि बिरुवाको फष्टाउने नफष्टाउनेकाम जरामा निर्भर गर्दछ र त्यसले उचित मलजलको चाहना गर्दछ भने मानव पुष्पित हुने नहुने काम पनि त्यसको आचरण र लगनशीलताले गर्दछ । त्यो आचरण र सद्भाव धार्मिक जागरणबाट मात्र प्राप्त गर्न सकिन्छ, जस्ले सही मार्ग देखाउँछ र जीवनको लक्ष्य चिनाउँछ ।

तर दुर्भाग्यवश भनौं या समय चक्रले गर्दा भनौं आजकल युवा मस्तिष्कमा कताकता ह्रास आउनुको साथै कालोबादलले छोप्न थाले जस्तो प्रतीत हुन्छ । एक दिनको घटनाहो मेरा एउटा परम मित्र र म दर्शनार्थ भगवान् पशुपतिनाथजीको मन्दिर तर्फ प्रस्थान गऱ्यौं । मेरा मित्र पश्चिमी

हावामा उड्न खूब मन पराउमु हुन्थ्यो । मलाई कहिलेकाहीं व्यङ्ग्यपनि प्रहार गर्न पछि हट्नु हुँदैनथ्यो, "तिमीले टीकालगाएर, टुपीपालेर के पाउँछौं ? अचेलको जमानामा मानिसले के के गरिसके कहाँ पुगिसके" आदि..। म कुनै विस्मात गर्दैन थें कहिले कहींत भन्थें पनि "तिम्रा मानिसले नरसंहार-को वम त वनाएहोलान् अर्को कुरा तिनीहरूले वम बनाए तिमी गौरव गरी-राख ।" अनि तपाईं ले चमर जस्तो झ्याप्झ्याङ्ग कपाल किन पाल्न मन पराउनु भएको ? यसमा के फाइदा छ ? जव तपाईं पूरा रौं पाल्न मन पराउनु हुन्छ भने म आफ्नो संस्कार अनुरूप शिरको वीचमा टुपी पाल्न मन पराउँछु । "भिन्न रूचिर्हि लोक:" यसमा हानी त केही छैन, अरू शिखा सूत्रमा कस्तो शक्ति निहित हुन्छ भन्ने कुरा चाणक्यको कथावाट पनि थाहा पाउन सकिन्छ । यो प्रतिज्ञाको सूचक पनि हो । तपाईंको चमरमा के फाइदा छ भन्नुहोस्" । अर्कोकुरा तपाईं पशुपतिमा टीका लगाएर बाटोमा आएर पुच्छनु हुन्छ भने म सँधै निधारमा लगाइ रहन्छु ।" मेरो उत्तर सुनी उनी अवाक हुन्थे । अं, हामी बाटोमा हिड्दै थियौं, विभिन्न वाद-विवाद गर्दै । अचानक गोशाला पुगेपछि उहाँलाई ठेस लाग्यो । किनहो कुन्नि सँधै मलाई आकाशमा पुऱ्याउने मित्र आज मसँगै दर्शन गर्न आउनुभो । उनको इच्छा के थियो कि उनै जानून् कि भगवान् जानून् । मित्रले रन्कदै भने "धर्मगर्नु पर्छ, यसवाट मानवको कल्याण हुन्छ, मस्तिष्क एवं मन निर्मल हुन्छ, सद्भावना र सद्विचारहरू प्रस्फुटित हुन्छन् । ठूलो आपत्मा ईश्वरले रक्षा गर्दछन् अर्थात् कुनै खतरावाट वचाई भक्तका कल्याण गर्दछन् भनी ध्रुव प्रल्हादको उदाहरण दिंदै खूव दर्शन छाँट्दै थियौ त त्यसरी भक्तको रक्षा गर्ने भए मलाई किन ठेस लाग्यो त ? ठेस नलाग्नु पर्ने, के यही हो त तिम्रो ईश्वरको काम ?" मैले भने "मित्र ! एकहोरो बाहिरी अर्थ मात्र नलाएर भित्रफर्की यसो विचार गर्नोस् त, न तपाईं कुनै ठूलो दुर्घटनाबाट समाप्त हुनु हुन्थ्यो कि ? त्यो आपत् ईश्वरानुग्रहबाट ठेसद्वारा समाप्त भो ।" जस्तो रोगले जर्जर भएको व्यक्तिलाई औषधिद्वारा भरिएको 'इन्जेक्शन'ले एकछिन 'चस्स' दुखाई पुन: स्वस्थ्य तुल्याइ दिन्छ, त्यस्तै प्रकारले ठूलो आपत्को घडी ठेसद्वारा समाप्त भो, यसलाई ईश्वरकृपा नै मान्नु पर्दछ ।" एक क्षण घोरिएर टाउको हल्लाए, अथात् चित्त बुझेको आशय प्रकट गरे । अनि त्यस दिनदेखि मित्रले अलि मलाई छेडछाड गर्न छाडे ।

यसरी युवा समुदाय आज केवल दोषान्वेषी मात्र बनेको छ, गुणान्वेषी

बनेको देखिदैन । पाश्चात्यहरूले धोतीलगाई शिखा राखेमा पनि उसलाई केही लाग्दैन, किनकि उसले अंग्रेजी पढेको हुन्छ । तर आफ्नै पिताले पाठ-पूजा गरेको ऊ मन पराउँदैन । शायद बाबु सर्वभक्षी नभएको र अंग्रेजी नपढेकाले होला । आजभोलि हामी देख्दछौं, कुनै समारोह आदि पर्वहरूमा कसैले अंग्रेजीका उद्धरण घुसाएर भाषण या प्रवचन गरेमा गटटट तालीद्वारा स्वागत गरिन्छ । कोहीता भन्छन्पनि "क्या मिठो डाइलक वा" तर त्यही समारोहमा यदि संस्कृतका प्रेरणास्प्रद सूक्तिहरू आउने वित्तिकै अघिका नजनेहात अहिले कानमा पुग्दछन् । यही नै आज हाम्रो संस्कार बनेकोछ । कागले कान लग्यो भनेर कसैले भन्यो भने आफ्नु कानै नछामी कागको पछि दौडने अवस्थामा पुगिसकेकाछौं । जमानाको व्याख्या गर्दागर्दै आफू कुन सिढीमा ओर्लि सक्यौं थाहा पाउँदैनौं । यो ठूलो भूल हो, विद्याको उपहेलना हो किनकि विद्याले ता कहिल्यै खराव बाटो देखाउँदैन फन् जीवनको लक्ष चिनाउँछ ।

आज हामीले हाम्रा सद्ग्रन्थहरूको अध्ययन, मनन एवं चिन्तन गर्ने हो भने प्रत्येक संस्कार एवं कर्महरूमा पूर्ण वैज्ञानिकता प्राप्त गर्दछौं । यस विषयमा पाश्चात्य विद्वान् एवं वैज्ञानिकहरूले पनि सहमति प्रकट गरेका छन् । युवा-मास्तिष्कले शोच्नु पर्ने कुरा छ कि निराहार वस्नाले के फाइदा हुन्छ, धोती एवं पवित्र वस्त्रधारण गरी भोजन गर्नाले के हामीलाई उप-लब्धि हुन्छ, त्यस्तै गाईको गोवरले घर लिपपोत गर्नाले के हुन्छ आदि । यी प्रश्नहरूलाई केवल प्राचीन अन्धविश्वास र रूडीवूडीमा मात्र सीमित नराखेर अन्वेपणात्मकरूपले हेरेको खण्डमा प्रष्ट हुन आउँछ कि सँधै भोजन गरिरहँदा अपच हुनुको साथै विभिन्न रोगलाग्ने सम्भावना हुन्छ, अतः १५।१५ दिनमा एक पटक निराहार एवं व्रतवस्नाले शरीर स्वस्थ्य हुन्छ । त्यस्तै धोतीलगाई भोजन गर्दा एक त सेतो धोतीमा किटाणु वस्न सक्तैन भन्ने वैज्ञानिकहरूको भनाइ र हाम्रा पूर्वजहरूले पनि सफा वस्त्रमा दुर्गन्ध नहुनुको साथै खुला-रूपमा शरीरलाई कुनै कष्ट नदिई भोजन गर्नाले हाम्रा शरीरका प्रत्येक स्नायुहरू यथास्थानमा कुनै अवरोधविना सञ्चालन हुन्छन् र शरीर स्वस्थ हुन्छ भन्ने राय प्रकट गरेका छन् । हामीले पनि महसूस गरेकै कुरा हो कि पाइन्टमा कस्सिने गरी पेटी बाँधी भोजन गर्नाले कस्तो असर हामीमा पर्दछ र खुलारूपमा गर्दा कस्तो ? गाईको गोवरमा पनि त्यत्तिनै किटाणु नाशक शक्ति निहित छ । गोवरद्वारा लिपिएको स्थान पवित्र हुनुको साथै भोजन

योग्य बन्दछ, जसमा कीटाणु रहने डर हुँदैन । के यी कुरा अन्धविश्वासीभए। रूडीबूडी भए ? । अत: हाम्रा विचारहरूलाई केवल हँसी उडाउनेतर्फ नलगाई त्यसमा के छ र अधिका कन्दमूल खाने हाम्रा पूर्वजहरूले किन प्रतिपादन गरे भन्ने तर्फ लगाउन आवश्यक देखिन्छ । कुनै वस्तु पनि स्वत: प्रकटित हुँदैन, त्यसमा ठुलो तपस्या एवं लगनशीलता चाहिन्छ । जस्तो दही मथेर मात्र घिउ प्राप्तगर्न सकिन्छ, यीं सदुपदेशहरूपनि हाम्रा पूर्वजहरूले सम्पूर्ण शास्त्रहरू मथेर नौनी समान बनाई राखेका हुन्, यसको उपभोग गर्ने क्षमता हामीमा हुनपर्छ ।

आज युवा शक्ति आचार एवं खानपानले गर्दा अध: पतन भइरहेको छ । विभिन्न नशालु वस्तुहरूको सेवन गरेर स्वच्छ मानस–पटल खलबल्याउने प्रयत्न गर्दैछ । यसबाट केवल हानि शिवाय अन्न केही छैन । हाम्रा ऋषि-मुनिहरूले सात्विक, राजसी एवं तामसी तीन प्रकारका आहार बताएका छन् । हाम्रा धर्मशास्त्र आदि सद्ग्रन्थहरूले पनि सँधै सात्विक भोजन गर्न आग्रह गरेका छन्, किनकि सात्विक आहार–विहारद्वारा अन्तष्करण पवित्र-हुनुको साथै मस्तिष्क स्वच्छ हुन्छ र नयाँ नयाँ विचारहरू प्रस्फुटित हुन्छन् । जस्तो मद्य मांस आदि तामसी वस्तु सेवन गरेको वखतमा हाम्रो मस्तिष्क कस्तो हुन्छ र फलफूल, दूध आदि सात्विक वस्तुको उपभोगले कस्तो असर हाम्रो मानस पटलमा पार्दछ ? यसैले त हाम्रो शास्त्रमा लेखिएको छ— "आहार शुद्धौ सत्व शुद्धि: सत्व शुद्धौ ध्रुवास्मृति:" । अत: यी हिताहित कुराहरू हाम्रा धार्मिक ग्रन्थहरूले दिन्छन् र हामीले पनि धार्मिक जागरणबाट मात्र यी ज्ञान प्राप्त गर्न सक्छौं । त्यस्तै यम, नियम आदि हाम्रा जीवनका अपरिहार्य कुराहरू र सत्सङ्गत, सद्भावना, मान्यजनप्रतिको आदर भाव, माता, पिता, गुरू प्रतिको स्नेह, परोपकारी भावना आदि जीवनका अमूल्य रत्नहरू हामीलाई हाम्रा धार्मिक ग्रन्थहरूले दिलाउँछन् । हामीले पनि यी चीज ग्रहण गर्ने सत्पात्र बनी प्रत्येक विचार एवं मान्यताहरूलाई अंगाल्नु परेको छ । यसबाट हामीमा कस्तो प्रभाव पर्छ, त्यस पछि मात्र आलोचना प्रत्यालोचना गरौंला ।

यसरी आजको युवा शक्ति वर्षाकालको वाढी झैं हुत्तिदै आइरहेको छ । जस्तो वाढीलाई वलियो वाँध नवाँधे सारा खेत सखाप पार्न सक्छ, त्यस्तै प्रवुद्ध वर्गले पनि सही दिशा निर्देशन नगरी लथालिङ्ग छाडि दिएमा युवावर्ग पनि वाढी झैं हुने छ र विनाश एवं उच्छृङ्खलताको वाटो अवलम्बन

गर्ने छ। अतः यो शोचनीय कुरा छ। अर्कोतिर यस बाढीलाई ढुङ्गा लगाई बलियो बाँध बाँध्ने काम धार्मिक जागरण र धार्मिक कृत्यहरूले गर्ने भएकोले सदा युवाहरूले यसको निम्ति व्यापक प्रयास गर्नु आवश्यक देखिन्छ। युवावर्गले हाम्रा धर्ममा भएका सद्‌गुणलाई लिई अनावश्यक वस्तुको वास्ता नगरी कर्तव्यपथमा लम्किएको खण्डमा आफ्नो भविष्य उज्वल हुनुको साथै पाश्चात्यहरू पनि हाम्रा सद्‌गुणहरूको अनुकरण गर्नेछन्। अतः व्यर्थ जमघट, अनावश्यक अरूको टीका टिप्पणी गर्नुको साटो एकक्षण भएपनि हाम्रा मन एवं कर्म सत्सङ्गमा र सद्‌ग्रन्थहरूमा लगाएको खण्डमा हाम्रो सुनौला भविष्यको निर्माण हुनेछ। नैतिकताले प्रश्रय पाउनेछ, देश र समाजले कल्पना गरेको फल प्राप्त गर्ने छ, मानव चरित्र सुध्रिनेछ र "चरित्र जीवनको जुहार हो" भन्ने सेक्सपियरको भनाइमा सार्थकता आउनेछ। धार्मिक प्रवृत्तिले आश्रय पाउनेछ, धार्मिक आस्था एवं मान्यताले ओतप्रोत भएका मानिसमा सच्चा श्रद्धा भएको मानिसले धर्ममा कुनै कुरा असम्भव देख्दैन," अतः धार्मिक जागरणमा युवा सहभागिता अपरिहार्य देखिन आउँछ।


अन्त्यमा मानसिक छट्‌पटाइले उकुश मुकुश भएको मानव समाजलाई सही मार्गको ज्ञानरूपी दीयो बालेर जुन जन चेतना जगाउन खोजेको छ 'शैव भूमि'ले यो दीयो सँधै बल्दै जावस् यही मेरो शुभकामना छ।

-अस्तु-



२०४०
नयाँ वर्षको
हार्दिक शुभ कामना

सात्ट ट्रेडिङ्ग करपोरेशन प्रा० लि०
नारायणी बरफ उद्योग प्रा० लि०
हेटौंडा मैदामिल प्रा० लि०
वनस्पति घ्यू उद्योग प्रा० लि०



नेपाली साहित्याकाशका नक्षत्र तथा सुपरिचित समाज-सेवी श्री वासु शशीसंग लिइएको अन्तर्वार्ता

प्र. –कविज्यू ! "साहित्य समाजको दर्पण हो" भन्ने कुरा निर्विवाद छ, तर, यहाँका कृतिहरूमा यस पाशुपत क्षेत्रको र धर्म संस्कृतिबारे विशेषतः उल्लेख भएको नदेखिदा यहाँलाई यस क्षेत्रले जे जति प्रेरणा र उत्साह दिनु पर्ने हो त्यो त्यति नदिएको प्रतीत हुन आउँछ, यसमा कुनै कारण छ कि ?

ज. साहित्य क्षेत्र विशेषसंग सम्बद्ध हुँदैन । अतः म हाम्रो यस क्षेत्रमा छुतापनि मेरो साहित्य यस क्षेत्रमा सीमित हुन जरूरत छैन । मलाई हाम्रो पाशुपत क्षेत्रको महत्व र मर्यादाको ज्ञान छ, यसको अनुभव पनि मैले बरोबर गरेको छु, किन्तु यस क्षेत्रबाट मैले कहिल्यै प्रेरणा र उत्साह उपलब्ध गर्न खोजेको छैन । परन्तु तपाईहरू जस्ता जागरूक र सचेत युवक-हरूको स्नेह र प्रेम मेरो निमित्त अझ कुनै कुरो भए पनि महत्वपूर्ण छ । म तपाईहरूको स्नेह र प्रेम भन्दा ठूलो कुरा अरू कुनै छ भन्ने कल्पना पनि गर्न सक्तिन ।

प्र. – यहाँ नेपालको एक प्रसिद्ध साहित्यकार तथा सुपरिचित समाजसेवी पनि हुनुहुन्छ— हाम्रो यस पाशुपत क्षेत्रमा साहित्यमा विशेष अभिरूची जागृत नहुनु र समाज सेवामा जनसाधारणको विमुखता यहाँले पनि अनुभव गर्नु नै भएको होला । युवकहरूको साहित्य र समाजसेवामा पलायनता किन ? यहाँको विचारका जिज्ञासु छौं ।

ज. हाम्रो पाशुपत क्षेत्रका युवकहरूमा साहित्यप्रति अभिरूचि छैन भन्ने कुरा म मान्दिन । समाज सेवामा पनि यहाँका जन साधारण विमुख छैनन् । यसका ज्वलन्त उदाहरण तपाईं र तपाईंका मित्रहरू नै पनि हुन् । तपाईं, तपाईंका साथीहरू साहित्य र समाज सेवामा अभिरूचि भएर नै संघको

स्थापना, क्रियाकलाप र पत्रिकाको प्रकाशनमा संलग्न हुनुहुन्छ। सुन्तलाको एउटा बोटका दुइ-तीन हांगामा फूलै पनि फुलेका छैनन् भन्दथे त्यसमा कुनै सुन्तला फलेको छैन भन्न मिल्दैन।

समाज सेवामा अभिरूचि मानिसको सौभाग्यहो। तपाईं समाजलाई जति दिनुहुन्छ त्यति नै धर्म उपलब्ध गर्नु हुन्छ। समाजलाई तपाई जति सक्नुहुन्छ दिनोस्. त्यस्को चौवर तपाईंलाई समाजले दिनेछ।

सामाजिकता प्रत्येक मनुष्यको व्यक्तित्वमा समाविष्ट भएको हुन्छ। त्यसलाई उकास्न सक्नुपर्छ। चीममा जाज्वल्य मान प्रकाश हुन्छ, त्यसलाई बाल्नुपर्छ। अतः तपाईं समाज सेवामा लाग्नु भएको व्यक्तिका हैसियतले यहाँका युवाहरूमा निहित समाजसेवाको भावनालाई जाग्रत तुल्याउनोस्। मानिसको सेवाभन्दा ठूलोधर्म अरू केहीछैन।

प्र. —मानिस आफू बसेको समाज र त्यसको वातावरणबाट संधै नै प्रभावित हुन्छ, हाम्रो क्षेत्रको वातावरण र त्यसले पारेको प्रभाव कस्तो छ? यदि केही असङ्गति छन् भने निराकरण कसरी? वर्तमान क्षेत्रीय बेइज्जती बारे यहाँको विचार सुन्न उत्सुक छौं।

उ. व्यवहारमा अधर्म र अनिष्ट घेरैजसो धार्मिक क्षेत्रहरूमै बढीहुन्छ, तिनका सूत्रधार पनि वास्तवमा धर्मको ठेक्का लिइराखेकै व्यक्तिहरू हुन्छन्। यस व्यावहारिक सत्यबाट हाम्रो क्षेत्र पनि अपवाद छैन। पाशुपत क्षेत्र जति पवित्र छ, यहाँ त्यत्तिकै अपवित्र कामहरू भइरहेका छन्। यो हाम्रालागि ठूलो दुर्भाग्यको कुराहो। हाम्रो क्षेत्रमा अनेकन असंगतिहरूछन्। ती असंगतिहरूको निराकरण बडो अप्ठ्यारो छ। यस क्षेत्रका असंगतिहरूको निराकरण तबमात्रै संभव हुनेछ, जब यस क्षेत्रको हैकम यसै क्षेत्रका मानिसका हातमा पर्नेछ। जुन व्यक्ति यस क्षेत्रको सुपुत्र होइन, जसलाई यस क्षेत्रप्रति जन्मजात प्रेम छैन, जसले यस क्षेत्रलाई आम्दानीको स्रोत मात्र बनाएको हुँदैन—त्यस्तो व्यक्तिको हातमा यस क्षेत्रको समुन्नतिको उत्तरदायित्व सुम्पिनु पर्दछ। मुलुकका प्रत्येक भाग त्यतिकै महत्वपूर्ण र पवित्र हुन्छ। किन्तु हाम्रो मुलुकमा भागवान पशुपति नाथका कृपाले यो क्षेत्रको सुधार र विकासका लागि मनग्य सहयोग र सहायता उपलब्ध हुनसक्तछ। यथार्थ यस्तो हुँदाहुँदै पनि हामीकहाँ अपेक्षित सुधार र विकास हुन सकेको छैन। यसको मूलकारण

यहाँका क्रियाकलापमा जनसहभागिता नहुनु हो। जनतालाई लत्याएर कुनै पनि असलकाम हुन सक्तैन।

प्र. –वर्तमान बिकास र निर्माण सम्वन्धी कार्यहरूले पाशुपत क्षेत्रको धार्मिक तथा ऐतिहासिक महत्त्वमा केही आकर्षण र परिवर्तन ल्याउने कुरामा के यहाँ सन्तुष्ट हुनुहुन्छ? कुन कुन उपाय र लक्ष्यहरू लिइएमा पाशुपत क्षेत्र धर्म तथा सस्कृतिको दृष्टिले आदर्शस्थलको रूपमा प्रेरणादायक क्षेत्र वन्न सक्ला?

ज पाशुपत क्षेत्रको सुधारका सम्बन्धमा जतीसुकै होहल्ला भएतापनि त्यसका लागि आवश्यक 'मास्टर प्लान' जनसमक्ष आएकोछैन। व्यक्तिलाई जहाँ जेमन लाग्यो त्यही गर्ने काम भइरहेकोछ। पशुपतिमा आजकाल कसको घर-कुन वेला भत्काइनेहो कसैलाई थाहा छैन–सवजना मनमनै चिन्तित र संत्रस्त छन्। त्यस्तै यहाँ हुनलागेका कुनै पनि कार्यमा जन सहभागिता छैन। अचेल कुन काम केकालागि किन र कसरी भइरहेछ भन्ने कुरा केलाएर हेर्ने हो भने त्यसमा वैयक्तिक स्वार्थ र मनमर्दी वाहेक केही पाइँदैन।

पाशुपत क्षेत्र वास्तवमा स्थानीय मात्रै होइन, अरू राष्ट्रिय मात्रै होइन, अन्तर्राष्ट्रिय महत्वको क्षेत्र हो। यस क्षेत्रवाट संसारको ठूलो मानव-समूहको धर्म र संस्कृतिका लागि अगाध प्रेरणा प्रसारण भइरहेकोछ। यस दृष्टिले हामीले यस क्षेत्रलाई आदर्श स्थल बनाउन सबै प्रकारको प्रयास गर्नुपर्दछ। पाशुपत क्षेत्र हाम्रो देशको इज्जत र मर्यादाको प्रतीक हो। तर अचेल यस क्षेत्रको महत्वलाई व्यापार बनाउने बडो घृणास्प्रद काम भइरहेकोछ। यहाँ धर्म सुधार र विकासको नाममा अत्यन्त निन्दनीय स्वार्थपूर्ति र शोषण भइरहेकोछ। धर्मका नाममा गरिने यसप्रकारको अधर्म सवभन्दा ठूलो पाप हो।

प्र. –यस क्षेत्रमा धर्म तथा संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने र साथै सामाजिक सेवाको पवित्रतम उद्देश्य राखि हामीले "श्री पशुपति धार्मिक–सामाजिक सेवा संघ" नामक संस्था खडागरी सोको वैधानिकता समेत प्राप्त गरी सकेका छौं। के हाम्रो अथवा भनौं यस संघको उद्देश्य कार्यान्वयन गर्न यहाँ कुनै कठिनाई पर्ने छ कि? वा यो हाम्रो उच्च आकांक्षा यसै कुण्ठित हुनेछ? यस सम्बन्धमा यहाँको के धारणा रहेकोछ?

ज. पशुपति क्षेत्रमा जनस्तरमा कुनै पनि कार्य गर्न कठिनाई पर्दछ। मेरो अनुभवमा यहाँ श्री ५ को सरकारको प्रशासनिक क्षेत्रले समेत कुनै ठूलो कार्य गर्न खोज्यो भने बाधा–अड्चन पर्दछ। परन्तु यस प्रकारको कठिनाई हटाउने काम तपाईंहरू जस्तो युवा कार्यकर्ताहरूबाट संभव हुनसक्तछ। धार्मिक र सामाजिक उद्देश्यहरू लिएर सामूहिक रूपमा काम गर्न तपाईंले जुन संघको स्थापना गर्नु भएकोछ त्यो अत्यन्त सह्लानीय कामहो। युवकहरू कठिनाईदेखि भाग्दैनन्, कठिनाई संग जुझ्दछन्। तपाईंहरूले अनुभव गर्नुहुनेछ, संघका क्रियाकलापहरूलाई विथोल्न अनेक प्रकारका तत्वहरू सक्रिय हुनेछन्। किन्तु दृढतापूर्वक तपाईंहरू अगाडि बढ्नु भयो भने त्यस्ता नकारात्मक र ध्वंसात्मक तत्वहरू क्रमश: विलीन हुँदै जानेछन्। सत्यको शत् त्यहीहो वास्तवमा। असल गर्नोस्, खराव त्यसै विलाएर जानेछ। तपाईंहरू जवसम्म धर्म र सेवाको व्रतमा लाग्नु हुनेछ, तवसम्म तपाईंहरूको आकांक्षा कदापि कुण्ठित हुनेछैन। बाधापर्ला, तर बाधाले कुण्ठाको स्थितिमा पुऱ्याउँदैन।

हामी मानव हौं

[नव प्रतिभा]
-गायत्रीदेवी आचार्य

हामी मानव हौं सुशान्ति-पथमा यात्री बनी घुम्दछौं ।
स्वार्थी भाव कुनै नलोकन रहे राम्रै छ हाम्रो मन ।।
जस्मा छैन कुनै व्यथा, कलुषता, यो मानवी जीवनी ।
बन्ला स्वच्छ सबै प्रसन्न रँहदै जानेर लाग्यौं भने ।।

।।२।।

हामी मानवको छ सामु पशुता, भग्नावशिष्टै भने ।
मिल्ला के त यहाँ सुदिव्य गरिमा छन् कामना तो वली ।।
क्रीडा यो स्थल दुष्टको यदि भए, यो स्थान पुग्ला कता ।
सत्सेवा,-व्रत,-सत्य,-धर्म,-मृदुता, होला यसै वेषता ।।

नव बर्ष २०४०को शुभ-कामना

नयाँ वर्षको शुभारम्भको शुभ उपलक्ष्मा सर्व प्रथम यस वडाका आदरणीयजन एवं प्यारा दिदी बहिनी तथा दाजुहरूमा हार्दिक शुभ-कामना व्यक्त गर्दछु ।

यस वडाको अध्यक्ष पदमा आउनु भन्दा पहिले पनि स्थानीय निवासीका हैसियतले यहाँका गतिविधिहरूको म बडो अभिरूचि पुर्वक अध्ययन गर्दथे । यव अध्यक्ष पदमा आइसकेपछिको छोटो अवधिभित्रै धेरै कुराहरूको प्रत्यक्ष अनुभव गर्ने अवसर पाएको छु ।

मैले देखे अनुसार यस पवित्रतम पाशुपत क्षेत्रको जुन महानतम महत्व छ ।, त्यस अनुकुलका अनेक शुभ कार्यहरू यहाँ गर्न सकिन्छ । गर्न सकिन्छ मात्रै होइन, हामीले गरेनौं भने हामीहरूलाई अवश्यंपनि इतिहासले धिक्कार्ने छ र हामी पाप ग्रस्त हुनेछौं ।

नगर पंचायतका निकायहरू राजनीतिक अखडाहरू मानै होइनन्, यिनले स्थानीय जन–जीवनका हित र उन्नतिसंग सम्बन्धित तमाम क्रियाकलापमा संलग्न हुन पर्दछ । काठमाडौं नगर पंचायनका अन्य वडाहरू भन्दा यस वडाका आफ्नै किसिमका अलग प्रकारका विशेषताहरू छन् । यस वडाको महात्म्यनै यसको पहिलो विशेषता हो । अर्को यहाँ पंचायत र श्री ५ को सरकारका अतिरिक्त अलग्गै एउटा स्थानीय प्रशासन पनि क्रियाशील छ । मेरो विचारमा यस क्षेत्रको समुन्नतिका निमित्त यी तीनै निकायहरू बीच पारस्परिक समन्वय र सहयोगको ठुलो आवश्यक छ । यी निकायहरू बीच आवश्यक समन्वय र सहयोग नभए सम्म यहाँ जुन गतिमा हुन सक्ने उन्नति हो त्यो ढीलो र विकृत हुन्छ र अनावश्यक रूपमा त्यसबाट स्थानीय जनतामा नकारात्मक प्रभाव पर्नेछ । म यथार्थलाई स्पष्ट व्यक्त गर्छु–वर्तमान अवस्थामा यहाँ माथि उल्लेखित समन्वय र सहयोगको वातावरण सृजना भइसकेको छैन । जसले धेरै काम कुरोलाई लयालिङ्ग तुन्याई राखेको छ ।

जसबाट जनतालाई हुनु पर्ने लाभ नहुनु मात्रै होइन, हानीनै भइराखेको छ। एक दुईजना टाठा बाढा र आशीर्वाद प्राप्त व्यक्तिहरूको कुरा गर्नु अर्कै हो।

मेरो बिचारमा पंचायत संविधान प्रदत्त राष्ट्रव्यापी व्यवस्था भएकोले मुलुकको यस क्षेत्रमा पनि जन जीवनमा प्रभावीत पार्ने कुनै नीतिबाट पनि कार्यको निर्धारण तथा सम्पादनमा जनप्रतिनिधीहरूको संलग्नता अपरिहार्य छ।

"शैव भूमि"का अन्य अंकहरूमा विस्तृत रूपमा आफ्ना विचारहरू व्यक्त गर्दै जानेछु। श्री पशुपति धार्मीक-सामाजिक सेवा संघबाट त्यसका सक्रिय युवा-कार्यकर्ताहरूको उत्साहले "शैव-भूमि" प्रकाशनमा हार्दिक प्रसन्नता व्यक्त गर्दै यसको उत्तरोत्तर प्रगतिका लागी शुभ-कामना प्रकट गर्नाका साथै पंचायतबाट हुनसक्ने तमाम सहयोगको लागि आश्वासन पनि व्यक्त गर्दछु। श्री पशुपतिनाथले हामी सबैमा सुदृष्टी दिउँनन्।

सुवर्ण बैद्य
वडा अध्यक्ष
का. न. प. वडा नं. ८ समिति
पाशुपत क्षेत्र।



नव वर्ष २०४० को उपलक्ष्यमा
हार्दिक मङ्गलमय शुभकामना
ब्यक्त गर्दछौं।

-लक्ष्मणप्रसाद अधिकारी
सचिव
का० न० प० ८ नं० वडा समिति



सम्पादकीय
प्रकाशकीय

पाशुपत क्षेत्र, धर्म एवं शैवभूमिको महत्ता तथा मर्यादाका विषयमा प्रस्तुत प्रकाशनमा प्रकाशित आदरणीय विद्वान लेखकहरूका रचनाहरूमा विभिन्न चर्चा–परिचर्चा भइसकेकै छ । हामी हाम्रा आदरणीय लेखकहरू प्रति ज्यादै कृतज्ञ छौं ।

हाम्रो संघको स्थापना भएको छोटो समय भित्रै हामीले यो पत्रिका प्रकाशित गर्ने साहस गरेका छौं । हाम्रो साहस मात्र हो, सहायता तपाईंहरू सबैको हो । हाम्रो सौभाग्यहो, हामीलाई जनस्तरबाट थरि-थरिका सहयोग-हरू प्राप्त भइरहेकाछन् । किन्तु हामीलाई सहयोग र सहायता गर्न सक्ने निकायहरूबाट दिए हुने सहयोग गर्न कंजूसी देखाइरहेकोछ । धर्मको संरक्षण र विकासका लागि खडा भएका निकायहरूबाटै यस धार्मिक–सामाजिक सेवा संघलाई सहायता प्राप्त हुन सकेको छैन । यस संघले एउटा कार्यालयको अभावमा यसले गर्न सक्ने अनेकन क्रियाकलापहरूमा बाधा परेकोछ । पशुपतिमा यस संघलाई दिन सकिने र दिए मिल्ने एक-आध कोठाको कुनैकमीछैन । केवल दिने सदिच्छा र सद्‌भावनाको मात्रै कमीछ ।

पाशुपत क्षेत्र स्थानीय मात्रै होइन, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय महत्वको क्षेत्र हो । यहा जति काम हुन्छ, तत्काल त्यसको प्रचार-प्रसार राष्ट्रव्यापी रूपमा हुन्छ । मुलुकका प्रत्येक क्षेत्रबाट यहाँ रोजै हजारौं मानिसहरू वरिन्छन् । विश्वका प्रत्येक क्षेत्रबाटपनि रोजै यहाँ अनेकन् मानिसहरू धाउँछन् । यस दृष्टिले यस क्षेत्रको सुधार र विकासका निमित्त विशेष कार्यक्रम संचालन गरिनु जरूरीछ । धर्म र संस्कृतिका दृष्टिले पनि यो क्षेत्र प्राणदायिनी क्षेत्रहो । किन्तु यसै क्षेत्रको दुरावस्था र यहाँ हुने दुराचारहरूले हृदयनै क्षत-विक्षत तुल्याउँछ । यस क्षेत्रको सुधारका नाममा भइरहेका मनपर्दी र लापरवाही अत्यन्त दुःखद्छन् । के हुन लागेको हो, के गर्न हुन लागेको हो । त्यसको कुनै चित्र जन समक्ष प्राप्त छैन । मुलुकका प्रचलित संविधान र ऐन कानूनको समेत यहाँ समय–समयमा पालना गरिँदैन । हाम्रो कसैप्रति कुभावना वा दुष्मनी छैन । हामी केवल सत्य, शुभ र स्वच्छ क्रियाकलाप चाहन्छौं । यसै उद्देश्यले प्रेरित भएर हामीले यो 'शैव भूमि'को प्रकाशन गरेकाछौं यसलाई हुर्काउने काम तपाईंकै हातमाछ ।

अस्तु !

जानकारी:—

श्री पशुपति धार्मिक सामाजिक सेवा संघले श्री पशुपति नाथको दर्शनार्थ आउने यात्रुहरूका साईकल तथा मोटर साईकलको सुरक्षाको लागि स्थानीय वज्रघर अगाडी स्टैण्ड संचालन गरीरहेको-छ। अत: उक्त साईकल स्टैण्डमा आफ्ना साईकल तथा मोटर साईकल राखेर यस संघलाई सेवाको मौका प्रदान गर्नुहुन हार्दिक अनुरोध छ।

साथै यस संघको सदस्यता हासिल गर्न चाहने सज्जन-वृन्द-हरूले वार्षिक शुल्क रू. ५।– प्रवेश शुल्क रू. १।– समेत रू. ६।– साथ राखि यस संघमा आवेदन गर्न समेत अनुरोध गर्दछौं। अन्य जानकारीका लागि सम्पर्क राख्न आउन र सदस्यता प्रदान गर्ने नगर्ने सब अधिकार यस संघमा सुरक्षित रहेको कुरा पनि सूचित गर्दछौं।

श्री प. धा. सा. से. संघ
संचालक समिति

नव वर्ष २०४० को
उपलक्ष्यमा
हार्दिक शुभ–कामना।

आशालाल डंगोल
न०स०स०–का०न०पं० ८ नं वडा

नव सम्वत्सरारम्भ २०४०

को

सुखद् उपलक्ष्यमा

समस्त धर्म, संस्कृति र सेवा प्रेमी

सज्जनबृन्दहरूको दीर्घायु, सुस्वास्थ्य तथा

उत्तरोत्तर प्रगति र समुन्नतिका लागि

श्री पशुपति नाथ भगवानसंग

प्रार्थना गर्दछौं ।

श्री पशुपति धार्मिक-सामाजिक सेवा संघ

परिवार

पाशुपत क्षेत्र, नेपाल।

मुद्रक:- रोजन प्रिन्टर्स, थँहिति, काठमाडौं, फोन नं. ११९५३ ।